**सर्वोच्च अदालत, संवैधानिक इजलास**

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री हरिकृष्ण कार्की

माननीय न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडा

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा

आदेश

०७४-WC-०००१

विषयः- उत्प्रेषण ।

रिट निवेदकहरु:

१. सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. १४ बस्ने अधिवक्ता सुनिलरञ्जन सिंह,

२. सूर्यविनायक न.पा. वडा नं.४ भक्तपुर बस्ने अधिवक्ता कंचनकृष्ण न्यौपाने।

प्रत्यर्थीहरु:

१. व्यवस्थापिका संसद, नयाँ वानेश्वर, काठमाण्डौ,

२. व्यवस्थापिका संसदका सम्माननीय सभामुख, काठमाडौं,

३. व्यवस्थापिका संसदको महासचिव, सिंहदरवार, माठमाण्डौं,

४. नेपाली कांग्रेस, संसदीय दलको कार्यालय, सिंहदरवार, काठमाण्डौं,

५. नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्र, संसदीय दलको कार्यालय, सिंहदरबार।

नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको र मिति २०७४/३/२९ मा भएको आदेशानुसार यस इजलासबाट सुनुवाई हुनेगरी दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ:

## तथ्यगत व्यहोरा:

१. नेपाली कांग्रेस र ने.क.पा. मओवादी केन्द्रका सांसदहरुले मिति २०७४/०१/१७ गते व्यवस्थापिका संसद सचिवालयमा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश सुशीला

कार्की माथि मुद्दाको फैसला र विचाराधिन मुद्दालाई समेत लिएर कपोकल्पित आरोप लगाई व्यक्तिगत चरित्र हत्या हुने गरी महाभियोगको प्रस्ताव संसद सचिवालयमा दर्ता गराएका छन्। मुद्दामा भएको फैसला र विचाराधिन मुद्दाको विषयलाई लिएर महाअभियोग दर्ता गराउने कार्य न्यायपालिकाको स्वतन्त्रता र सक्षमता उपरको हस्तक्षेप हो। नेपालको संविधानको प्रस्तावनाले निष्पक्ष र समक्ष न्यायपालिकाको परिकल्पना गरेको छ। संविधानको धारा १२६ ले न्याय सम्बन्धी अधिकार अदालतलाई प्रदान गरेको छ। धारा १२८(४) मा मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको सिद्धान्त सबैले पालना गर्नु पर्ने व्यवस्था छ। स्वतन्त्र न्यायपालिकाको मान्यता अनुसार कुनै पनि न्यायाधीश फैसला गर्न पूर्णरुपमा स्वतन्त्र हुन्छन्। महाभियोगको लागि नेपालको संविधानको धारा १०१(२) ले गरेको व्यवस्था प्रमाणित गर्न सक्ने अवस्था नै रहेको छैन। अदालतको फैसलालाई लिएर महाअभियोग जस्ता गम्भीर आरोप न्यायाधीश माथी लगाउनु हुँदैन। त्यस प्रकारको प्रचलन बसालियो भने शक्तिपृथकीकरणको सिद्धान्तको घोर उलङ्घन हुन जान्छ। फैसला गर्ने न्यायाधीशले महाभियोगको सामना गर्नु परेमा न्यायाधीशले स्वतन्त्र र निष्पक्ष न्याय प्रदान गर्न सक्दैन। अतः अदालतबाट भएको फैसला र विचाराधिन मुद्दाको विषयलाई लिएर सम्माननीय प्रधान न्यायाधीश श्री सुशिला कार्की उपर दर्ता भएको महाभियोगको प्रस्ताव स्वतन्त्र र सक्षम न्यायपालिका माथिको हस्तक्षेप भएकोले प्रस्तावसंग सम्बन्धित निर्णय उत्प्रेषणको आदेशले वदर गरी प्रत्यर्थीहरुलाई आगामी दिनमा अदालतको फैसलालाई आधार मानेर कुनै पनि न्यायाधीश उपर महाभियोगको प्रस्ताव दर्ता नगर्न परमादेशको आदेश जारी गरी पाउँ। अदालतको विचाराधीन विषयमा संसदमा छलफल गर्न नपाइने संविधानको धारा विपरित उक्त प्रस्ताव दर्ता भई छलफल हुन लागेकोले प्रतिषेधको आदेशद्वारा सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाही रोकी पाउँ। रिट निवेदनको टुङ्गो नलागेसम्म सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीलाई यथावत रुपमा पूर्ण जिम्मेवारीका साथ कार्य गर्न दिन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी गरी पाउँ। निर्देशित न्यायपालिका (Guided Judiciary) बनाउने कलुषित मनसाय राखी दर्ता गरिएको महाअभियोग संवैधानिक सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यायालय माथि स्वच्छेचारी ढङ्गको हस्तक्षेप भई आधारभूत संवैधानिक सिद्धान्तमा नै तत्काल खतरा उत्पन्न हुने भएकोले यो निवेदनलाई प्रारम्भिक सुनुवाई हुँदाको बखत नै सर्वोच्च अदालत

नियमावली, २०४९ को नियम ६३(५च) अनुसार अग्राधिकार प्रदान गरी सुनुवाई गरी पाउँ भन्ने समेत व्यहोराको अधिवक्ताहरु सुनिलरञ्जन सिंह र कञ्चनकृष्ण न्यौपानेको रिट निवेदन।

२. महाभियोगको प्रस्ताव सम्बन्धमा प्रस्तुत रिट निवेदन दायर भएपछि यस अदालतका माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.को एकल इजलासबाट मिति २०७४/१/२२ मा निम्न व्यहोराको कारण देखाउ तथा अन्तरिम आदेश जारी गरिएको पाइयो:

> यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र लिखित जवाफ पेश गर्नु भनी आदेश र निवेदनपत्रको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि पेश गर्नु।
>
> "निवेदकले माग गरेको अन्तरिम आदेश गर्दै गर्दा मेरो मन मलिन, उदास र अशान्त भैरहेको महसुश गरिरहेको छु। सम्माननीय प्रधान न्यायाधीश विरुद्धको महाभियोगको प्रस्ताव दर्ता भएकै दिनदेखि यस संस्थाको सबै न्यायाधीशहरूको अनुहारमा बादल लागेको जस्तो हिन भावना जागृत भएको अवस्था प्रत्यक्ष देखिने गरी प्रतिविम्वित भैरहेको मैले देखेको छु, महसूस गरिरहेको छु। के यो चिन्ता र अवस्था कसैले महसूस गर्नु नपर्ने? के यो चिन्ता र अवस्था नेपालको संविधानले संस्थापन गरेको स्वतन्त्र न्यायपालिकाका लागि हैन र? आज यस महाभियोग प्रस्तावबाट राज्यका तीनै अंग साथै राजनीतिक दल, नागरिक समाज सबै युद्धमै उत्रिएको सरी अगाडि बढिरहेको अवस्था देखिएको छ। के यस्तो अवस्थामा राज्यका तीनै अंग एक ठाउँमा बसेर यो समस्याको समाधान गर्न नसकिने हो र? यो देशलाई सतिको श्राप छ भन्ने गरिन्छ, मलाई लाग्छ अब यो आदेशपश्चात सबैले विचार गर्नै पर्छ। यो देश र जनतालाई उक्त श्रापबाट उन्मुक्ति पाउनबाट म भन्छु न्यायालय राज्यको अति संवेदनशील अंग हो, यसका न्यायाधीशहरूबाट गरिने व्यवहार, आचरण र न्याय सम्पादन समेतमा गम्भीर बिचलन भएको हो, होइन? भन्ने विषयमा गम्भीर छलफल बौद्धिक रुपमा, नागरिक समाजमा भएर निस्कने परिणाम वस्तुगत, प्रमाणयोग्य आधार रहन्छ भने त्यस्ता प्रधान न्यायाधीश र न्यायाधीशका विरुद्धमा महाभियोग प्रस्ताव संवैधानिक, व्यवहारिक र जायज मान्न सकिन्छ। यस्तो अवस्था बाहेकमा प्रस्तुत हुने महाभियोगको प्रस्ताव संविधानको मर्म र भावना अनुकुल मान्न सकिन्न। संविधानको उक्त पवित्र मर्म र भावनाबाट नै नेपालमा स्वतन्त्र न्यायपालिका रहेको छ, रहने छ, म समेत त्यसैमा प्रतिबद्ध छु। स्वतन्त्र न्यायपालिकाको अवधारणामा खेलबाड गर्दा

कुनैपनि निकाय वा नागरिकको हकहितको संरक्षण हुन सक्दैन। यदि स्वतन्त्र न्यायपालिका रहेन भने कस्तो परिणाम निस्कन सक्छ भन्ने म कल्पना नै गर्न सक्दिन। आज स्वतन्त्र न्यायपालिकाको गरिमाको लागि, संरक्षणको लागि, भविष्यका सन्ततिका लागि समेत स्वतन्त्र न्यायपालिकाको मार्गलाई निरन्तर बगिरहन दिनुपर्छ भन्ने मुल्य र मान्यतालाई अघि बढाउनु नै मैले आफ्नो कर्तव्य सम्झेको छु।

अतः प्रधान न्यायाधीश सुशीला कार्की विरुद्ध दर्ता भएको मिति २०७४।१।१७ को महाभियोग प्रस्तावमा सर्वोच्च अदालतमा विचाराधीन रहेको प्रहरी महानिरीक्षकको बढुवा सम्बन्धी मुद्दामा भएको फैसलालाई आधार मानी अन्य अभियोग लगाइएको देखिएपनि माथि उल्लेख गरिएको जस्तो आधारमा नआएको समेतबाट नेपालको संविधानको मर्म र भावना अनुकूल उक्त महाभियोगको प्रस्ताव छैन भन्ने कुरा शुरु नजरमै देखिन आयो। सुविधा सन्तुलनको आधारमा यो निवेदनको टुङ्गो नलागेसम्म व्यवस्थापिका संसदको सचिवालयमा दर्ता भएको मिति २०७४/१/१७ को महाभियोगको प्रस्ताव र व्यवस्थापिका संसदको महासचिवले जारी गरेको मिति २०७४/१/१७ को पत्रसमेत यथास्थितिमा राखु साथै सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीलाई यथावत रुपमा आजै आफ्नो पदमा काम दिलाउन भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ"।

३. नेपालको संविधानले शक्तिपृथकीकरणको सिद्धान्त अनुरुप कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। राज्यका तीनै अंगहरु एक-आपसमा स्वतन्त्र रुपमा कार्य गर्न सक्षम हुन्छन्। तर त्यस्तो सक्षमता स्वेच्छाचारी भने हुनु हुँदैन। सक्षमता वा स्वतन्त्रताको प्रयोग संविधान र कानून बमोजिम गर्नुपर्ने हुन्छ। संविधानको धारा १०१ को उपधारा (२) बमोजिम प्रतिनिधि सभा अर्थात् हालको व्यवस्थापिका-संसदमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई अर्थात् हाल कायम रहेका ५९३ जना सदस्यहरुमध्ये करिब २४९ जना सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्नु परेको आधार र कारण खुलाई त्यस्तो प्रस्ताव पेश गर्ने सूचना महासचिव वा सचिवलाई दिएपछि त्यस्तो प्रस्ताव दर्ता भएको सात दिनभित्र सभामुखले व्यवस्थापिका-संसदको बैठकमा छलफल हुने गरी दिन र समय तोक्नु पर्ने बाध्यात्मक व्यवस्था व्यवस्थापिका-संसद नियमावली, २०७३

को नियम १६८ को उपनियम (२) ले गरेको छ। सोही व्यवस्था बमोजिमको कार्य गर्नु व्यवस्थापिका-संसदको संवैधानिक तथा कानूनी कर्तव्य हो। यस्तो अवस्थामा व्यवस्थापिका-संसदको २४९ जना सदस्यहरुले हस्ताक्षर गरी संविधानको धारा १०१ को उपधारा (२) तथा व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को प्रावधान बमोजिम मिति २०७४।१।१७ मा व्यवस्थापिका-संसदमा नेपालको प्रधान न्यायाधीशको विरुद्ध दर्ता भएको महाभियोगको प्रस्ताव संविधान तथा व्यवस्थापिका-संसद नियमावली अनुरुप रहेको हुँदा रिट निवेदन बदरभागी छ। उपरोक्तानुसार महाभियोगको प्रस्ताव दर्ता भएपछि व्यवस्थापिका संसद नियमावली, २०७३ को नियम १६८(२) को व्यवस्था अनुसार मिति २०७४/१/२२ गते दिनको ११:०० बजे बस्ने बैठकमा उक्त प्रस्ताव उपर छलफल हुने गरी तोकिएको भएपनि व्यवस्थापिका संसदमा भएको अवरोधले गर्दा छलफल हुन नसकेको हो। महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए वा नभएको विषयमा छानबिन गरी सिफारिस गर्ने अधिकार संविधानको धारा १०१ को उपधारा (३) तथा नियमावलीको नियम १६९ बमोजिम गठित महाभियोग सिफारिस समितिमा रहेको हुँदा महाभियोगको प्रस्ताव नै दर्ता हुन नसक्ने भन्ने रिट निवेदकहरुको जिकिर संविधान तथा कानून विपरीत रहेकोले रिट निवेदन बदरभागी छ। संविधानको धारा १०३ को उपधारा (२) मा व्यवस्थापिका-संसदलाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ र सदनको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुने तथा यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन भनी स्पष्ट व्यवस्था रहेको छ। व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम २६६ ले व्यवस्थापिका-संसदले सम्पादन गर्ने काम कारबाही व्यवस्थापिका-संसदको आन्तरिक काम कारबाही मानिने र यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन भनी स्पष्ट व्यवस्था गरेको छ। संविधानको धारा १०१ को उपधारा (२) बमोजिम पेश भएको महाभियोगको प्रस्ताव व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को उपनियम (२) बमोजिम सभामुखबाट छलफल हुने दिन र समयसमेत तोकी व्यवस्थापिका-संसदको नियमित प्रकृयामा प्रवेश भैसकेको हुँदा उक्त प्रस्ताव माथि छलफल गरी निर्णय गर्ने अधिकार व्यवस्थापिका-संसदको आन्तरिक विषय र विशेषाधिकार भएकोले यस सम्बन्धमा अदालतमा प्रश्न उठाउन मिल्ने होइन। तसर्थ रिट निवेदन तथा सर्वोच्च अदालतको मिति

२०७४/०१/२२ को अन्तरिम आदेशसमेत खारेज गरी पाउँ भन्ने व्यवस्थापिका-संसदका सम्माननीय सभामुख श्री ओनसरी घर्तीको लिखित जवाफ।

४. मिति २०७४।१।१७ मा व्यवस्थापिका-संसदको २४९ जना सदस्यहरुले हस्ताक्षर गरी संविधानको धारा १०१ को उपधारा (२) तथा व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को प्रावधान बमोजिम नेपालको प्रधान न्यायाधीशको विरुद्ध व्यवस्थापिका-संसदमा महाभियोगको प्रस्ताव दर्ता गर्ने कार्य संवैधानिक विधि तथा न्यायको प्रचलित मान्यता अनुकूल रहेको छ। सार्वभौम संसदका सदस्यले संविधानको प्रावधान बमोजिम महाभियोगको प्रस्ताव ल्याउन सक्ने नै हुँदा महाभियोग लगाउने सम्बन्धी विषय सांसद सदस्यको पनि "Prerogative Right" भित्र पर्ने विषय हो। संसदको आन्तरिक काम कारबाहीमा सर्वोच्च अदालतले हस्तक्षेप गर्न नपाउने स्पष्ट संवैधानिक व्यवस्था भएकोले रिट निवेदकहरुको जिकिर संविधान तथा कानूनसम्मत् छैन। मिति २०७४।१।१७ मा व्यवस्थापिका-संसदमा दर्ता भएको महाभियोगको प्रस्तावको आधारमा सदनमा भएको छलफलको विषय एवं संविधान र नियमावली बमोजिम महासचिवले लेखेको मिति २०७४।१।१७ को पत्र संविधान तथा कानूनसम्मत् रहेको देखिँदा मिति २०७४।२।२२ को अन्तरिम आदेश तथा रिट निवेदन बदरभागी छ भन्ने समेत वेहोराको व्यवस्थापिका-संसदको महासचिव मनोहरप्रसाद भट्टराईको लिखित जवाफ।

५. राज्यका तीन वटा अंगहरु मध्ये व्यवस्थापिका-संसद राज्यलाई आवश्यक पर्ने कानून निर्माण गर्ने एक महत्पूर्ण अंग हो। व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को व्यवस्थालाई अवलम्वन गरी प्रधान न्यायाधीश माथि रिट निवेदनमा उल्लेख भएअनुसार व्यवस्थापिका-संसद सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता भएकोमा नेपालको संविधान तथा व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को उपनियम (२) मा उल्लेखित कानूनी व्यवस्थाका आधारमा महाभियोगको प्रस्ताव व्यवस्थापिका-संसदको बैठकमा छलफल हुने गरी सभामुखले दिन र समय तोकिसकेको अवस्था छ। रिट निवेदकले दाबी गरे अनुसार तथ्य र आधार बिना महाभियोगको प्रस्ताव पेश भएको भन्न सकिने अवस्था छैन। सम्माननीय प्रधान न्यायाधीश उपर लगाइएका आरोपहरु तथ्य र वस्तुनिष्ठ आधार छन् वा छैनन् भन्ने विषय व्यवस्थापिका-संसदमा उक्त प्रस्तावमा छलफल भएपश्चात छानबिन गर्नु पर्ने अवस्था आएमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) बमोजिम महाभियोग सिफारिस समितिले नेपालको संविधान र व्यवस्थापिका-संसद

नियमावली, २०७३ ले निर्धारण गरेको प्रकृयाबमोजिम छानबिन एवं अनुसन्धान गरी महाभियोग प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए-नभएको सम्बन्धमा प्रतिवेदन पेश गरेपश्चात मात्र जानकारी हुने विषय भएकोले त्यस्तो प्रतिवेदन पेश हुनु अगावै रिट निवेदकहरुले महाभियोग लगाउनु पर्नाका आधारहरु नै वस्तुनिष्ठ नभएको भनी उल्लेख गरेको दावी तथ्यसंगत् देखिँदैन। महाभियोग प्रस्ताव पेश गर्ने कार्य व्यवस्थापिका-संसदका सदस्यहरुको संवैधानिक अधिकार हो। सार्वभौम जनताबाट प्रदान गरिएको यस प्रकारको अधिकार माथि निवेदकहरुले प्रश्न उठाउन सक्ने होइन। नेपालको संविधानको धारा १०३ को उपधारा (२) बमोजिम व्यवस्थापिका-संसदको काम कारबाही नियमति छ वा छैन भनी निर्णय गर्ने अधिकार सदनलाई मात्र हुनेछ। यस विषयमा कुनै अदालतमा प्रश्न उठाइने छैन भन्ने स्पष्ट संवैधानिक व्यवस्था भएको अवस्थामा रिट निवेदकहरुले माग गरेबमोजिमको महाभियोग प्रस्ताव उत्प्रेषणको आदेशद्वारा बदर हुने, सो महाभियोग प्रस्तावको आधारमा भए गरेका कामकारवाही प्रतिषेधको आदेशद्वारा रोकिनु पर्ने, तथा अन्य कुनै प्रकारका परमादेश लगायतका अन्तरिम आदेशसमेत जारी हुनु पर्ने होइन। अदालतबाट मिति २०७४।१।२२ मा जारी भएको अन्तरिम आदेश र रिट निवेदनसमेत खारेज गरी पाउँ भन्ने व्यवस्थापिका-संसदको तर्फबाट व्यवस्थापिका संसद सचिवालयका सहसचिव अर्जुन कुमार खड्काको लिखित जवाफ।

६. सार्वभौम विधायिकाको रूपमा रहेको व्यवस्थापिका-संसदका एक चौथाईभन्दा बढी सदस्यहरूले संविधानको धारा १०१ को उपधारा (२) मा भएको व्यवस्था बमोजिम सम्माननीय प्रधान न्यायाधीश सुशीला कार्कीको विरुद्धमा दर्ता गरेको महाभियोगको विषयलाई न्यायिक परीक्षणको माग गरी दायर भएको रिट निवेदन संविधानवाद, शक्तिपृथकीकरण तथा सन्तुलनको सिद्धान्त एवम् रिट सम्बन्धी मान्य अवधारणाको प्रतिकूल रहेको छ। लोकतान्त्रिक परिपाटी भएका मुलुकमा राज्यका खास पदाधिकारीहरूका विरुद्ध निश्चित आधार र कारण विद्यमान भएको अवस्थामा विधायिकामा महाभियोगको कारबाही उठान हुन सक्ने र त्यस्तो पदाधिकारीलाई महाभियोग लगाई पद मुक्त गर्न सकिने संवैधानिक व्यवस्था रहेको हुन्छ। नेपालको सन्दर्भमा समेत संवैधानिक विकासक्रमको प्रारम्भदेखि नै महाभियोगको अवधारणाले स्थान पाएको देखिन्छ। वर्तमान संविधानको धारा १०१ को उपधारा (२) मा संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको

वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको अवस्थामा नेपालको प्रधान न्यायाधीश, सर्वोच्च अदालतको न्यायाधीश, न्याय परिषद्को सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध एक चौथाई सदस्यले महाभियोगको प्रस्ताव पेश गर्न सक्ने स्पष्ट व्यवस्था भएको सन्दर्भमा संविधानको सो प्रावधान बमोजिम दर्ता भएको महाभियोग प्रस्तावलाई संविधान वा कानून विपरीत मात्र मिल्ने हुँदैन। संविधानमा रहेको कुनै व्यवस्था कार्यान्वयन गर्नको लागि सार्वभौम विधायिकी सदस्यहरूले विधिवत रूपमा दर्ता गरेको कुनै प्रस्तावको औचित्य, उपयुक्तता वा सैद्धान्तिक वा नीतिगत विषयका सम्बन्धमा सार्वभौम संसदमा नै छलफल र बहस भई संविधान तथा प्रचलित कानूनमा निर्दिष्ट प्रकृया बमोजिम निक्योल वा छिनोफानो हुने हो। एक चौथाई सदस्यहरूले महाभियोगको प्रस्ताव दर्ता गरिसकेपछि सो प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको विषयमा छानबिन गरी व्यवस्थापिका-संसदमा सिफारिस गर्ने प्रयोजनको लागि एघार जना सदस्य रहेको महाभियोग सिफारिस समिति गठन हुने, सो समितिले प्रस्तावको अध्ययन गरी सम्बन्धित व्यक्तिलाई बुझ्ने, प्रमाण सङ्कलन गर्ने जस्ता आवश्यक प्रकृया अवलम्बन गरी त्यस्तो पदाधिकारीको विरुद्ध महाभियोग लगाउनु पर्ने पर्याप्त आधार र कारण रहे नरहेको भन्ने सम्बन्धमा आफ्नो राय सहितको प्रतिवेदन व्यवस्थापिका-संसदमा पेश गर्ने र व्यवस्थापिका-संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाई बहुमतबाट महाभियोग प्रस्ताव पारित भएमा मात्र त्यस्तो पदाधिकारी आफ्नो पदबाट पदमुक्त हुने भनी संविधान तथा व्यवस्थापिका-संसद नियमावली, २०७३ मा उल्लेख छ। सो अनुसार व्यवस्थापिका-संसदले आफ्नो क्षेत्राधिकार ग्रहण गरेको अवस्थामा राज्यका अन्य अङ्गले सो क्षेत्राधिकार तथा व्यवस्थापिका-संसदको आन्तरिक काम कारबाहीमा हस्तक्षेप गर्न मिल्दैन। व्यवस्थापिका-संसदमा विचाराधीन कुनै विषयमा राज्यका अन्य अङ्गले हस्तक्षेप गर्ने वा कुनै आदेश वा निर्देशन जारी गर्ने हो भने सार्वभौम विधायिकाले आफूसमक्ष पेश भएको विषयमा छलफल गर्ने र सामुहिक विवेक प्रयोग गरी त्यस्तो विषयलाई निरुपण गर्न पाउने आफ्नो क्षेत्राधिकार प्रयोग गर्नबाट नै बञ्चित हुनुपर्ने हुन्छ। त्यसबाट संवैधानिक विकासक्रम र संवैधानिक व्यवस्थाको प्रयोग नै अवरुद्ध हुनजाने परिस्थिति सृजना हुन जान्छ। सार्वभौम संसदमा दर्ता भएको कुनै प्रस्तावका सम्बन्धमा न्यायिक पुनरावलोकनको माग गरी अदालतमा सो विषय प्रवेश गराउनु र अदालतबाट सोमा न्यायिक परीक्षण हुनु शक्तिपृथकीकरण तथा सन्तुलनको सिद्धान्त विपरीत हुन्छ। संसदमा सरकारबाट पेश भएको

विधेयक संविधानसँग बाझिएको आधार र कारण देखाई सो विधेयकलाई संसदबाट पारित गर्नको निम्ति रोक्ने आदेशको माग गरी दायर भएको रिट निवेदनमा भारतको सर्वोच्च अदालतले सो विधेयकका सम्बन्धमा छलफल गरी कुन रुपमा पारित गर्ने वा नगर्ने भन्ने अधिकार सार्वभौम अधिकार संसदलाई हुने भन्दै रिट खारेज गरेको पाइन्छ। यसरी ऐनको रूप लिएपछि न्यायिक पुनरावोलकन हुन सक्ने विधेयकको हकमासमेत न्यायिक हस्तक्षेप गर्न नमिल्ने भनी सिद्धान्त कायम भइरहेको अवस्थामा शक्ति सन्तुलनको एक विशिष्ट औजार मानिने महाभियोगको कारबाहीको सम्बन्धमा संसदले छलफल र कुनै प्रकृया नै ग्रहण गर्न नपाउँदै सो विषयमा न्यायिक हस्तक्षेपको माग गरी परेको रिटलाई अदालतले ग्रहण गर्न नै नमिल्ने हुँदा रिट निवेदन खारेजभागी छ। सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश वा माननीय न्यायाधीश उपर लागेको महाभियोग प्रस्ताव र काम कारवाहीको सम्बन्धमा अदालत आफैले त्यसको परीक्षण गर्ने वा पुनरावलोकन गर्न पाउने वा त्यसलाई रोक्ने पाउने हो भने न्यायालय माथि नियन्त्रण र सन्तुलन हुन सक्दैन। महाभियोगको प्रस्ताव उपयुक्त हो वा होइन भन्ने प्रश्नको प्रारम्भिक निरुपण अदालतबाट भएपछि मात्र सो प्रस्तावको भविष्य निर्धारण हुने, सार्वभौम संसदले सो प्रस्ताव सम्बन्धी कारबाही अघि बढाउन अदालतको अनुमति लिनु पर्ने र अदालतले अनुमति दिएको अवस्थामा मात्र सार्वभौम संसदले आफ्नो विवेक प्रयोग गर्न पाउने भए संसदले केही गर्न नसक्ने भई बन्धक बन्नु पर्ने हुन्छ। यसबाट संसदको क्षेत्राधिकार अदालतमा सर्न पुग्छ र महाभियोग सम्बन्धी संवैधानिक प्रावधान नै समाप्त हुने अवस्था आउँछ। वस्तुतः महाभियोगको न्यायिक पुनरावलोकन हुनको लागि संविधानमा नै प्रष्ट व्यवस्था भएको हुनु पर्दछ। संविधानको धारा १३३ को उपधारा (२) को आधार लिई दायर गरिएको रिटमा संवैधानिक वा कानूनीरूपले निरुपण गर्नुपर्ने कुनै पनि विषय विद्यमान नभएकोले प्रस्तुत विषय न्यायिक निरुपणको सीमा बाहिर रहेको छ। विधिवत रुपमा दर्ता भएको महाभियोगको प्रस्तावमा प्रस्ताव ल्याउनु पर्नाको स्पष्ट कारणहरु उल्लेख गरिएको, ती कारणहरू संविधानको धारा १०१ को उपधारा (१) बमोजिम भएको र ती कारणलाई पुष्टी गर्ने तथ्यहरु समेत प्रस्तुत गरिएको हुँदा रिट निवेदकको जिकिर कपोलकल्पित र भ्रामक छ। अदालतको गरिमा र आस्थालाई थप प्रबर्द्धन गरी अदालतको स्वतन्त्रता, मर्यादा र विश्वसनीयता बचाउने हेतुले सम्माननीय प्रधान न्यायाधीशको विरुद्धमा आधार र कारण सहित महाभियोगको प्रस्ताव ल्याइएकोमा सो प्रस्तावलाई सिङ्गो न्यायालयप्रति लक्षित रहेको

भनी उल्लेख गर्नु जनमानसलाई भ्रम छर्नु बाहेक अरु केही हुन सक्दैन। महाभियोगको प्रस्ताव हालको विशिष्ट परिस्थितिमा फिर्ता भइसकेको सन्दर्भमा उक्त रिटको प्रयोजन समाप्त भइसकेकोले रिट खारेजभागी छ भन्ने समेत व्यहोराको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), संसदीय दलको तर्फबाट व्यवस्थापिका संसदका सदस्य रामनारायण विडारीको लिखित जवाफ।

७. रिट निवेदनमा नेपाली कांग्रेस संसदीय दलको कार्यालयलाई विपक्षी बनाउनुको औचित्यपूर्ण कारण उल्लेख हुन नसकेको हुँदा हाम्रो हकमा रिट निवेदन खारेजभागी छ। नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा संविधान र कानूनको गम्भीर उलङ्घन, कार्य क्षमताको अभाव लगायतका आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्यको एक चौथाई सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदको सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध महाअभियोग पेश गर्न सक्ने र त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्यको दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुने संवैधानिक व्यवस्था बमोजिम मिति २०७४।१।१७ गते व्यवस्थापिका-संसदका सदस्यहरुले प्रधान न्यायाधीश विरुद्ध महाभियोग प्रस्ताव दर्ता गरेको विषयमा अदालतमा प्रश्न उठाउन पाउने कानूनी व्यवस्था नै नभएको हुँदा व्यवस्थापिका-संसदको विशेषाधिकार हस्तक्षेप हुने गरी दायर भएको रिट निवेदन खारेजभागी छ। संविधानको धारा १०१(२) बमोजिम संसदको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले प्रस्ताव दर्ता गर्न सक्ने हुन्छ। धारा १०१(६) मा महाभियोग प्रस्तावको कारबाही भएपछि नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले यस्तो कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न नपाउने व्यवस्था रहेको छ। व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८(१) मा संसदको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले महाभियोग प्रस्ताव दर्ता गर्न सक्ने र नियम १६८ को उपनियम (९) मा महाभियोगको कारबाही प्रारम्भ भएपछि आरोपित पदाधिकारीले त्यस्तो कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदका कार्य सम्पादन गर्न पाउने छैन भन्ने व्यवस्था छ। उल्लेखित संवैधानिक र कानूनी व्यवस्था अन्तर्गत दर्ता भएको प्रधान न्यायाधीश विरुद्धको महाभियोग प्रस्ताव र कार्य सम्पादन पत्रका सम्बन्धमा अन्तिम निर्णय गर्ने संवैधानिक अधिकार केवल व्यवस्थापिका संसदलाई

मात्र भएकोले व्यवस्थापिका संसदको सो अधिकारलाई कुण्ठित तुल्याउन पाइदैंन। संविधानको धारा १०३ मा संसदको विशेषाधिकार सम्बन्धी व्यवस्था छ। संविधानको धारा १०३ को उपधारा (२) ले यस संविधानको अधिनमा रही संघीय संसदको प्रत्येक सदनलाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहने, सदनको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुने, यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन भन्ने व्यवस्था गरेको छ। धारा १०३ को उपधारा (७) मा विशेषाधिकारको हननलाई संघीय संसदको अपहेलना मानिनेछ र विशेषाधिकारको हनन् भएको छ वा छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ भन्ने व्यवस्था रहेको छ। संविधान बमोजिम व्यवस्थापिका-संसदको विशेषाधिकार संरक्षण र सम्मान गर्नु सबै व्यक्ति र संवैधानिक निकायको कर्तव्य हो। यसबाट नै संवैधानिक व्यवस्था सुचारु हुने हुन्छ। व्यवस्थापिका-संसदको पूर्ण क्षेत्राधिकारभित्रको विषयमा अर्थात न्यायिक निरोपणयोग्य नहुने विषयमा अदालतमा रिट दर्ता हुन सक्ने अवस्था नै नरहेकोमा रिट निवेदन परी अदालतबाट मिति २०७४।१।२२ मा भएको अन्तरिम आदेश संविधानको व्यवस्था, भावना तथा शक्तिपृथकीकरणको सिद्धान्त एवं संविधानले व्यवस्था गरेको व्यवस्थापिका-संसदको विशेषाधिकार एवं संवैधानिक सर्वोच्चता विपरीत भएकोले उक्त अन्तरिम आदेश कायम रहन नसक्ने हुँदा रद्द गरी रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको नेपाली कांग्रेस संसदीय दलको कार्यालयको लिखित जवाफ।

८. प्रस्तुत मुद्दामा संविधानको व्याख्याको प्रश्न समावेश भएको देखिँदा संवैधानिक इजलासमा पेश गर्नु भन्ने मिति २०७४/३/२९ को आदेश।

९. यस विषयमा Amicus Curiae बाट बहस पैरवी गराई निर्णयमा पुग्न उपयुक्त हुने देखिएकोले तीन/तीन जनाको दरले कानून व्यवसायीहरुको नाम तोकी पठाउन नेपाल बार एशोसियसन र सर्वोच्च अदालत बार एशोसियसनलाई लेखी पठाई नाम प्राप्त भएपछि पेश गर्नू भन्ने यस अदालतको मिति २०७५/१/१९ को आदेश।

१०. सर्वोच्च अदालत बार एशोसियसनबाट Amicus Curiae को हैसियतले वहस पैरवी गर्न वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे, अधिवक्ता श्री विष्णु लुइटेल र अधिवक्ता श्री माधवकुमार बस्नेतलाई पठाएको भन्ने पत्र।

११. राज्य शक्तिको प्रयोग सरकारको एउटै अंगबाट हुँदा शक्तिको दुरुपयोग हुन सक्ने भई आम नागरिकले कानूनी राज्यको महसुश गर्न नसक्ने भएकोले राज्य शक्तिलाई तीन अंगमा

विभाजित गरेर स्वतन्त्र रुपमा प्रयोग गर्न दिनुपर्ने र कुनै अंगले शक्तिको दुरुपयोग गरेमा एक आपसमा नियन्त्रण गरी सन्तुलनको व्यवस्था गर्नु पर्दछ भन्ने मान्यता शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको अवधारणा हो। नेपालमा प्रजातन्त्रको उदयपश्चात यस अवधारणालाई अपनाइएको पाइन्छ। वर्तमान नेपालको संविधानले राज्यका प्रमुख तीन अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था गरी तीनै अंगलाई शक्तिको बाँडफाँड गरी परस्पर नियन्त्रण सन्तुलनको समेत व्यवस्था गरी शक्तिपृथकीकरण, नियन्त्रण तथा सन्तुलनको अवधारणालाई आत्मसात् गरेको छ। नेपालको संविधानको भाग ११ मा न्यायपालिकाको व्यवस्था गर्दै न्यायपालिकाको स्वतन्त्रताको प्रात्याभूती गरेको छ। न्यायपालिकाबाट पनि शक्तिको दुरुपयोग नहोस भनी नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्ययाधीश उपर समेत प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले महाभियोगको प्रस्ताव पेश गर्न सक्ने र त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुने व्यवस्था छ। सो धारामा महाभियोगको प्रस्ताव पेश गर्ने आधारहरु तोकिदिएका छन्। यहि संवैधानिक व्यवस्था अनुसार तत्कालिन प्रधान न्यायाधीश शुसिला कार्की उपर महाभियोगको प्रस्ताव पेश गरिएको हो। संसदले यस अधिकारको प्रयोग गर्न पाउने नै हो। अदालतमा विचाराधिन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्यपालनाको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संघीय संसदको कुनै सदनमा छलफल गरिने छैन, तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरण सम्बन्धमा कुनै कुरा व्यक्त गर्न पाइने व्यवस्था संविधानको धारा १०५ मा रहेको छ। यति भएर पनि तत्कालिन प्रधान न्यायाधीश सुशीला कार्कीको सेवा निवृत भइसकेकोले महाभियोगको औचित्य नै समाप्त भई रिट निवेदनको औचित्यता पनि समाप्त भइसकेकोले रिट निवेदन खारेज हुनु पर्दछ। तर अदालतबाट राज्यका तीन अंगहरुको संवैधानिक अधिकार र दायित्वका सन्दर्भमा व्याख्या गरी आगामी दिनमा समेत यस्ता महाभियोगको प्रस्तावका सम्बन्धमा रहेको नेपालको संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय अभ्यास समेतलाई ध्यानमा राखी मार्ग प्रसस्त हुने गरी प्रस्तुत विषयको निरुपण गरिनु पर्दछ भन्ने समेत व्यहोराको Amicus Curiae का रुपमा विद्वान अधिवक्ता श्री विष्णु लुइटेलले पेश गरेको लिखित बहस नोट।

१२. नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले नेपालको प्रधान न्यायाधीश विरुद्ध सोही धारामा उल्लेख भएको आधारमा महाअभियोग प्रस्ताव पेश गर्न सक्ने व्यवस्था रहेको छ। सो अनुसार तत्कालीन व्यवस्थापिका संसदमा कायम रहेका ५९३ जना सदस्य मध्ये २४९ जना सदस्यहरुले नेपालको प्रधान न्यायाधीश श्री सुशिला कार्की उपर मिति २०७४।१।१७ गते व्यवस्थापिका संसद सचिवालयमा महाअभियोगको प्रस्ताव दर्ता गराउनु भएको हो। उक्त प्रस्ताव मिति २०७४।२।२३ गते फिर्ता भैसकेको अवस्था छ। यसरी महाअभियोगको प्रस्ताव व्यवस्थापिका संसदबाट फिर्ता भैसकेको हुँदा प्रस्तुत रिट निवेदन प्रयोजनहिन रहेको छ। प्रधान न्यायाधीश समेत कुनै पनि संवैधानिक पदाधिकारी उपर महाअभियोग प्रस्ताव पेश गर्न सक्ने अधिकार तत्कालीन व्यवस्थापिका संसद हाल प्रतिनिधि सभामा सदस्यहरुमा रहेको छ। शक्तिपृथकीकरणको मान्यता र न्यायिक पुनरावलोकनको सिद्धान्तका आधारमा व्यवस्थापिकाको क्षेत्राधिकारको विषय न्यायिक निरुपण र पुनरावलोकन हुन सक्ने देखिँदैन। रिट निवेदनको प्रयोजन समाप्त भएको र रिटमा उठाइएको विवाद अस्तित्वमा नै नरहेको अवस्थामा रिट निवेदनको विषयमा प्रवेश गरी व्याख्या गर्ने आवश्यकता रहँदैन। साविक व्यवस्थापिका संसद नियमावली, २०७३ को नियम १६८ को उपनियम (९) मा उपनियम (१) र (८) बमोजिम र विद्यमान प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६१ को उपनियम (९) मा उपनियम (१) र (८) मा महाअभियोगको कारवाही प्रारम्भ भएपछि आरोपित पदाधिकारीले त्यस्तो कारवाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन भन्ने व्यवस्था रहेको छ। महाअभियोगको प्रस्ताव पेश भएपछि कारवाही प्रारम्भ भएको मानिन्छ र आरोपित पदाधिकारीले सोही आधारमा पदीय कार्य सम्पादन गर्न पाउँदैन। रिट निवेदन खारेज हुनु पर्दछ भन्ने समेत व्यहोराको संघीय व्यवस्थापिका संसद समेतका प्रत्यर्थीहरुका तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका विद्वान सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले पेश गरेको लिखित बहसनोट।

## यस अदालतको आदेशः

१३. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनका सन्दर्भमा निवेदक विद्वान अधिवक्ता श्री सुनिलरञ्जन सिंह, निवेदकको तर्फबाट विद्वान अधिवक्ता श्री शिवकुमार

यादव र श्री पंकज कुमार कर्णले नेपालको संविधानको धारा १०१ अनुसार प्रधान न्यायाधीश उपर महाभियोगको प्रस्ताव दर्ता गर्नका लागि संविधान र कानूनको गंभीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको भन्ने वस्तुनिष्ट रुपमा देखाउन सक्नु पर्दछ; कुनै मुद्दामा गरेको निर्णयमा असहमत भई सोलाई आधार बनाएर कपोलकल्पित आरोप लगाई महाभियोगको प्रस्ताव दर्ता गर्नु शक्तिपृथकीकरण, न्यायिक स्वतन्त्रताको मान्यता प्रतिकुल हुन जान्छ; यस्तो परिपाटीको विकास भएको अवस्थामा न्यायपालिकाले आफ्नो न्याय सम्पादनको जिम्मेवारी र सरकारका अन्य अंगको काम कारवाहीलाई नियन्त्रण गरी समग्र राज्य व्यवस्थामा सन्तुलन कायम राख्ने जिम्मेवारी वहन गर्न सक्दैन; प्रधान न्यायाधीश सुशीला कार्की उपर प्रहरी महानिरीक्षकको बढुवा सम्बन्धी रिट निवेदनमा गरेको निर्णयलाई आधार बनाएर महाभियोगको प्रस्ताव दर्ता गराएको छ; सो विषयमा निर्णय गर्दा प्रधान न्यायाधीशबाट के कसरी संविधान र कानूनको गंभीर उल्लंघन हुन गयो वा कसरी कार्यक्षमताको अभाव वा खराव आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको देखियो भनी खुलाउन सकेको पाइदैन; वस्तुनिष्ठ आधार वा कारणको अभावमा महाअभियोगको प्रस्ताव दर्ता गराउनु न्यायिक स्वतन्त्रताको विरुद्ध हुन्छ; यसबाट न्यायाधीशले स्वतन्त्र र निष्पक्ष रुपमा न्याय सम्पादन गर्न नसक्ने स्थिति आई पर्दछ; यस्तो अवस्थामा न्यायपालिका उपरको जनआस्था कायम रहन सक्दैन; राज्यको एउटा अंगलाई अर्को अंगले नियन्त्रण र सन्तुलन गर्ने नाममा आफुमा निहित अधिकारको दुरुपयोग गर्नु हुँदैन; विवादित महाभियोगको प्रस्ताव संविधानको भावना प्रतिकूल रहेको छ; अहिलेको अवस्थामा महाभियोगको प्रस्ताव फिर्ता भइसकेको र प्रधान न्यायाधीश सुशीला कार्कीको पदावधि समेत समाप्त भइसकेको छ; तथापि, यस प्रकारको प्रवृत्ति नियन्त्रण हुन सक्ने गरी संवैधानिक स्थिति सम्बन्धमा भने विवेचना हुनु पर्दछ; महाभियोग दर्ता हुनासाथ कारवाही प्रारम्भ भएको मानी निलम्बन गर्ने कुरा पनि युक्तिसंगत देखिदैन; निश्चित विधि स्थापित गर्ने कुरालाई दृष्टिगत गरी संविधानको व्याख्या हुन आवश्यक छ भनी बहस जिकिर गर्नु भयो।

१४. प्रत्यर्थी व्यवस्थापिका-संसद समेतका सरकारी निकायहरुका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले तत्कालिन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला

कार्की उपर मिति २०७४/१/१७ मा महाभियोगको प्रस्ताव दर्ता भएकोमा २०७४/२/२३ मा उक्त महाभियोगको प्रस्ताव फिर्ता गर्ने निर्णय समेत भइसकेको छ; यसपश्चात वहाँको पदावधि समेत समाप्त भइसकेको छ; अहिले महाभियोगको प्रस्ताव दर्ता भएको तत्कालिन व्यवस्थापिका-संसदको अस्तित्व पनि समाप्त भइसकेको हुँदा अस्तित्व र सान्दर्भिकता नै नरहेको विषयवस्तुको सम्बन्धमा व्याख्या वा आदेश गर्नुपर्ने प्रयोजन छैन; रिट निवेदन खारेज हुनु पर्दछ भनी बहस जिकिर गर्नु भयो।

१५. अदालतको सहयोगी (Amicus Curiae) का रुपमा नेपाल बार एसोशियसनका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुनिल पोखरेल र सर्वोच्च अदालत बार एसोशियसनको तर्फबाट उपस्थित हुनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरेले संविधान निर्माण प्रकृयाभन्दा संविधानको विकास प्रकृया जटिल हुन्छ; संविधानको विकासको लागि न्यायपालिकाले संविधानका प्रावधानको व्याख्या गरी ती प्रावधानहरुमा अन्तर्निहित विषयवस्तु तथा भावनाको उजागर गर्नु पर्दछ; प्रस्तुत रिट निवेदनको औचित्यता समाप्त भइसकेको भएपनि यसमा महाभियोगको प्रावधान के कस्तो अवस्थामा आकर्षित हुन्छ? महाभियोगको प्रस्ताव दर्ता भएपछि सम्बन्धित पदाधिकारीले कुन अवस्थामा कार्य सम्पादन गर्न नपाउने हो? कुन अवस्थाबाट महाभियोग सम्बन्धी कारवाही प्रारम्भ भएको मान्नु पर्ने हो? यो व्यवस्थापिकाको विशेषाधिकारको विषय मात्रै हो कि न्यायिक व्याख्या र नियन्त्रणको दायरामा पनि आउन सक्ने विषय हो? विवादित महाअभियोगको प्रस्ताव नेपालको संविधानमा रहेको प्रावधान अनुकूल पेश गरिएको छ वा छैन? भन्ने जस्ता सवालहरुको भने निराकरण हुनु पर्ने अवस्था रहेको छ; उल्लिखित विविध पक्षमा व्याख्या भई महाभियोग सम्बन्धमा स्पष्ट दृष्टिकोण निर्माण हुन आवश्यक छ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

१६. रिट निवेदन व्यहोरा, प्रत्यर्थीहरुको लिखित जवाफ तथा विद्वान वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा विद्वान सह-न्यायाधिवक्ता समेतको बहस जिकिर समेतलाई दृष्टिगत गर्दा अव यसमा निम्न प्रश्नहरुको निरुपण गर्नु पर्ने देखिन आयो:

(क) विधायिका/संसदमा पेश भएको महाभियोगको प्रस्तावको बिषयमा यस अदालतबाट सुनुवाई गरी संवैधानिक स्थितिका सम्बन्धमा उठाइएका महत्वपूर्ण व्याख्यात्मक प्रश्नहरुको निरुपण गर्न मिल्ने हो वा होइन?

(ख) तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर व्यवस्थापिका-संसदमा मिति २०७४/१/१७ मा पेश गरिएको महाभियोगको प्रस्ताव नेपालको संविधानमा रहेको प्रावधान, भावना र मर्म अनुकूल पेश भएको देखिन्छ वा देखिंदैन?

(ग) महाभियोगको कारवाही कुन अवस्था वा चरणबाट प्रारम्भ भएको हुन्छ भन्ने मानेर सम्बन्धित पदाधिकारीले कुन अवस्थामा वा कुन चरणदेखि आफ्नो पदीय काम कारवाही गर्न नपाउने हो?

(घ) रिट निवेदकको मागबमोजिम कुनै प्रकारको रिट आदेश जारी हुने वा नहुने के हो?

१७. निर्णयतर्फ बिचार गर्दा, सर्व प्रथम विवादित विषयवस्तुको प्रष्टताका लागि महाभियोग प्रस्ताव सम्बन्धी केही तथ्यहरु प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ। प्रस्तावक मीनबहादुर विश्वकर्मा र समर्थक टेकबहादुर बस्नेत सहितका व्यवस्थापिका-संसदका सदस्यहरुले मिति २०७४/१/१७ मा व्यवस्थापिका-संसद सचिवालयमा तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर निम्न व्यहोराको विवादित महाभियोगको प्रस्ताव पेश गरेको देखिन्छः

> "नेपालका प्रधान न्यायाधीश श्री सुशीला कार्कीले सर्वोच्च अदालतमा रही प्रहरी महानिरीक्षकको बढुवा सम्बन्धी रिट निवेदनमा फैसला गर्दा नेपालको संविधानको धारा ७५ बमोजिमको मन्त्रिपरिषद्को कार्यकारिणी अधिकारमा हस्तक्षेप हुने गरी प्रहरी नियमावली, २०७१ को नियम ४१ मा हुँदै नभएको प्रावधान उल्लेख गरी नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न पाउने अधिकारमा हस्तक्षेप हुने गरी फैसला गरेको, कार्य सम्पादन मूल्याङ्कनमा सबैभन्दा बढी अंक भएको प्रहरी नायव महानिरीक्षकलाई दोस्रोमा रहेको र दोस्रोमा रहेको प्रहरी नायव महानिरीक्षकलाई पहिलोमा रहेको भनी तथ्यलाई नै तोडमोड गरी झूठो कुरा उल्लेख गरी फैसला गरेको, न्यायालयको स्वतन्त्रता र स्वच्छतामा प्रश्न उठ्ने गरी बारम्बार आफू समेत संलग्न भई सर्वोच्च अदालतमा अन्य १९ जना न्यायाधीशहरु हुँदाहुँदै कोही नभए जस्तो गरी सीमित न्यायाधीशलाई पटक-पटक राखी इजलास गठन गरेको साथै न्यायाधीशहरुलाई आफूले भनेजस्तो आदेश फैसला गर्न निर्देशन दिएको, न्याय सम्पादनमा महत्वपूर्ण र पालना नगरी नहुने कार्यविधि कानूनको पालना नगरी आफ्नो निहित उद्देश्य पूर्ति गर्न प्रचलित कानून र मान्य

सिद्धान्त पालना नगरी विभिन्न आदेश फैसला गरेको, न्यायालयको गरिमा, स्वतन्त्रता र स्वच्छतामा आँच पुर्याएको, शक्तिपृथकीकरणको सिद्धान्तको उल्लंघन गरेको, अदालतमा भएका न्यायाधीशहरुलाई समान व्यवहार गर्नुपर्नेमा समान व्यवहार नगरी गुटबन्दी गरेको, न्याय सम्पादन गर्दा स्वतन्त्रतापूर्वक नगरेको र स्वतन्त्रतापूर्वक न्याय सम्पादन गर्न सक्ने वातावरण प्रदान नगरी अनुचित हस्तक्षेप र दबाब दिएकोले नेपालको संविधानको धारा १०१ को उपधारा (२) मा व्यवस्था भएबमोजिम नेपालको संविधान र कानूनको गम्भीर उल्लंघन गरी इमान्दारीपूर्वक आफ्नो कर्तव्यको पालना नगरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, साथै न्यायाधीशहरुले पालना गर्नुपर्ने आचारसंहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको हुँदा व्यवस्थापिका-संसद नियमावली २०७३ को नियम १६८ को उपनियम (१) बमोजिम व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका हामी एक चौथाई सदस्यहरुले यो महाभियोग प्रस्ताव पेश हुन सूचना गरेका छौं"।

१८. महाभियोग प्रस्ताव पेश भएको तत्काल पछि व्यवस्थापिका-संसदको महासचिव मनोहरप्रसाद भट्टराईले राष्ट्रपतिको कार्यालय शीतल निवास समेतलाई मिति २०७४/१/१७ च.नं. ५९ मा पठाएको जानकारी सम्बन्धी पत्रमा उपरोक्त अनुसारको महाभियोगको प्रस्तावको व्यहोरा उधृत गर्दै निम्न व्यहोरा समेत उल्लेख गरेको देखिन्छः

"व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को उपनियम (१) बमोजिम व्यवस्थापिका संसदमा तत्काल कायम रहेका सदस्य संख्याको एक चौथाई भन्दा बढी सदस्यहरुले आज मिति २०७४/१/१७ गते उहाँ विरुद्ध दिएको महाभियोगको सूचना यस सचिवालयमा महासचिवलाई सम्बोधन गरी प्राप्त हुन आएको छ। नेपालको संविधानको धारा १०१ को उपधारा (६) मा महाभियोगको कारवाही प्रारम्भ भएपछि प्रधान न्यायाधीशले त्यस्तो कारवाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न पाउने छैन भन्ने संवैधानिक व्यवस्था रहेको तथा व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को उपनियम (९) मा महाभियोगको कारवाही प्रारम्भ भएपछि आरोपित पदाधिकारीले त्यस्तो कारवाहीको टुंङ्गो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न पाउने छैन भन्ने व्यवस्था रहेको र सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की विरुद्ध महाभियोगको कारवाही प्रारम्भ भएको हुँदा नेपालको संविधानको धारा १०१ को उपधारा (६) तथा व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को उपनियम (९)

बमोजिम उक्त महाभियोगको कारवाहीको टुङ्गो नलागेसम्म उहाँले आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने व्यहोरा जानकारी गराउँदछु"।

१९. उपरोक्त अनुसार पेश भएको महाभियोग प्रस्ताव अन्ततः फिर्ता गरिएको पाइयो। यसरी प्रस्ताव फिर्ता गर्दा **"संविधान कार्यान्वयनको यो संवेदनशील घडिमा संविधान बमोजिम स्थापित राज्यका अंगहरुले संविधानको उद्देश्य अनुरुप काम गर्नुपर्ने बृहत्तर आवश्यकतालाई ध्यानमा राख्दै संवैधानिक अंगहरुको बीचमा सौहार्दता, सकारात्मक सहयोग र समझदारीको अपेक्षा गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की विरुद्धको महाभियोगको प्रस्ताव फिर्ता गरिएको छ"** भनी महाभियोग प्रस्तावका प्रस्तावक र समर्थकले महाभियोग प्रस्ताव फिर्ता सम्बन्धमा सम्माननीय सभामुखलाई मिति २०७४/२/१५ मा सूचना दिएको र तदनुरुप महाभियोगको प्रस्ताव व्यवस्थापिका-संसदको मिति २०७४/२/२३ गते बसेको बैठकको निर्णय अनुसार प्रस्ताव फिर्ता भएको देखियो।

२०. अब माथि उल्लिखित तथ्यगत सन्दर्भहरुलाई मध्येनजर राखेर विवादित महाभियोग प्रस्ताव र तत् सम्बन्धी काम कारवाहीको सम्बन्धमा उठाइएका संवैधानिक तथा कानूनी प्रश्नहरुको निरुपण गर्नुपर्ने हुन आएको छ। यसरी निरुपण गरिनु पर्ने प्रश्नहरु मध्ये पहिलो प्रश्न **"विधायिका/संसदमा पेश भएको महाभियोगको प्रस्तावको बिषयमा यस अदालतबाट सुनुवाई गरी संवैधानिक स्थितिका सम्बन्धमा उठाइएका महत्वपूर्ण व्याख्यात्मक प्रश्नहरुको निरुपण गर्न मिल्ने हो वा होइन"** भन्ने अधिकारक्षेत्रसंग सम्बन्धित प्रश्न रहेको छ। यो प्रश्न प्रत्यर्थीहरुबाट विशेष महत्वका साथ उठाइएको हुँदा संवैधानिक कानूनको स्थिति प्रष्ट पार्न पनि प्रस्तुत बिषयमा न्यायिक दृष्टिकोण सम्बन्धमा विवेचना गर्नु वाञ्छनीय देखिन्छ।

२१. संसदीय विशेषाधिकारको अवधारणा वेलायती संवैधानिक अभ्यासबाट स्थापित भएको हो। लिखित संविधान नभएको बेलायतको संसदले कानून बनाएर संवैधानिक कानून र परम्परालाई समेत परिवर्तन गर्ने अख्तियारी राख्दछ। तर त्यहाँ पनि संसदको कुनै एउटा सदनले आफ्नो विशेषाधिकारको व्याख्या गरी त्यसको सीमा विस्तृत गर्न सक्दैन, अदालतले नै त्यो कुरा निश्चित गर्ने गर्दछ। Ashby v White को मुद्दामा संसदको एउटा सदन House of Lords ले प्रधान न्यायाधीश Holt को राय समर्थन गर्दै कुनै कुराको निर्णय गर्ने अधिकार संसदलाई छ भन्ने आधारमा अदालतको अधिकारक्षेत्र वहिष्कृत हुँदैन,

अदालतले विशेषाधिकार सम्बन्धी प्रश्नको जाँचबुझ गर्न सक्तछ भन्ने निर्णय गरेको पाइन्छ[1]। सामान्यतयाः महाभियोग संसदको क्षेत्राधिकारको बिषय हो। तर कुनै बदनियत साथ वा कुनै राजनैतिक आग्रह पूर्वाग्रह राखेर वा राजनीतिक उद्देश्य पूर्तिको लागि अथवा स्वतन्त्र न्यायपालिकालाई नियन्त्रण गर्न वा प्रभावमा पार्न महाभियोगको प्रयोग गरिएमा सो कुरा न्यायिक पुनरावलोकनको बिषय बन्न सक्तछ भन्ने मान्यता स्थापित भएको छ। Howard v. Gosset को सन् १८४५ को मुद्दामा House of Commons ले जारी गरेको वारेण्ट अदालतले जाँच्न र अनियमित देखिएमा आवश्यक निर्णय गर्न सक्ने मान्यता स्थापित गरियो[2]। अधिकारक्षेत्रको बिषयमा न्यायपालिका र संसद बीचको दृष्टिकोणमा अझैपनि कतिपय विरोधाभाषहरु छन्। तथापी विशेषाधिकार सम्बन्धी कानून पनि अन्य कानून सरहकै एउटा कानून हो, आफै व्याख्या गरेर आफ्नो विशेषाधिकार विस्तृत गर्न संसदले पाउँदैन, विशेषाधिकार प्रयोगका सन्दर्भमा भए-गरिएका काम कारवाहीहरु संविधानसम्मत् छन् वा छैनन् भनी अदालतले हेर्न सक्तछ भन्ने मान्यता भने अहिले वेलायतमा स्थापित भैसकेको मानिन्छ। भारतीय संविधानको धारा १०५ को उपधारा (१) मा समेत संसदभित्र वाक स्वतन्त्रता हुने व्यवस्था गरी त्यसलाई संविधान र संसदको नियमावलीको अधीनमा राखिएको छ। भारतीय सन्दर्भमा हेर्दा पनि संसदीय विशेषाधिकार संविधान र संसदको नियमावलीको अधीनमा रहेर मात्र उपयोग गर्न सकिने मानिएको छ।

२२. वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर वि. अध्यक्ष, राष्ट्रिय पञ्चायत समेत भएको विवादको सन्दर्भमा यस अदालतबाट "नेपालको संविधानले राष्ट्रिय पञ्चायत भित्र वाक् स्वतन्त्रता रहने र राष्ट्रिय पञ्चायत वा त्यस्तो कुनै समितिमा बोलेको कुनै कुरालाई लिएर कुनै अदालतमा कारवाई चल्न नसक्ने दुवै विशेषाधिकारहरुलाई सीमित गरेको पाइन्छ। सोअनुसार नेपालको संविधान र राष्ट्रिय पञ्चायत नियमावलीको अधीनमा रहेर मात्र उक्त वाक् स्वतन्त्रताको उपभोग गर्न सकिन्छ र सो बन्देजभित्र रहेर बोलिएको कुराको सम्बन्धमा मात्र अदालती कारवाई विरुद्धको संरक्षण प्राप्त हुन सक्दछ। यस स्थितिमा वाक् स्वतन्त्रता

---

1 Ashby v White (1703) 92 ER 126 को विवादका सन्दर्भमा गरिएको अभ्यास। R. v. Pafy (1704) 2 Ld.Raym. 1105 को विवादमा पनि यही सिद्धान्तको अनुशरण गरियो। Stockdale v Hansard (1839) 9 Ad & El 1 को संसदीय विशेषाधिकार सम्बन्धी विवादलाई अर्को दृष्टान्तको रुपमा लिन सकिन्छ।

2 Howard v. Gosset, 10 Q.B. 359 (1845) ।

सम्बन्धी विशेषाधिकारमा "पूर्ण" शब्द जोडिएको कारणले मात्र त्यो विशेषाधिकार असीमित वा अगम्य छ भन्न मिल्दैन। वस्तुतः वाक स्वतन्त्रतालगायत कुनै पनि स्वतन्त्रता असीमित हुँदैन भन्ने कुरा अदालतले भनिरहनुपर्ने होइन। अधिकार वा स्वतन्त्रतासँग कर्तव्य पनि गाँसिएको हुन्छ। स्वतन्त्रता असीमित भएमा त्यो स्वेच्छाचारितामा परिणत हुन्छ र अन्ततोगत्वा यसले आफ्नै विनाश गर्छ"[3] भनी "पूर्ण वाक स्वतन्त्रता रहने" कुराको अर्थ र प्रयोजन प्रष्ट पारिएको देखिन्छ।

२३. श्री सर्वज्ञरत्न तुलाधरले दायर गर्नु भएको रिट निवेदनका सन्दर्भमा लगभग ४५ बर्ष अगाडि संवैधानिक सर्वोच्चता र न्यायिक पुनरावलोकन (Judicial Review) लाई स्वीकार नगरिएको, निरङ्कुश शासन व्यवस्था मानिएको पञ्चायती संविधानका सन्दर्भमा पनि यस अदालतले संसदीय विशेषाधिकारको सीमा सम्बन्धमा व्याख्या गरी अनुकरणीय सिद्धान्त कायम गरेको देखिन्छ। सर्वज्ञरत्न तुलाधर सम्बन्धित २०३५ सालको मुद्दामा भएको व्याख्याकै निरन्तरता स्वरुप तारानाथ रानाभाटको २०६२ सालको मुद्दा[4], मातृकाप्रसाद यादवको २०६७ सालको मुद्दामा[5], तथा संजयकुमार शाहको २०७० सालको मुद्दा[6] समेत संसदीय विशेषाधिकारको प्रयोग सम्बन्धमा व्याख्या भएको छ[7]। यसरी भएका व्याख्या र

---

3 नेपाल बार एसोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर वि. अध्यक्ष, राष्ट्रिय पञ्चायत समेत, नि.नं. ११९७, ने.का.प. २०३५ (पाँचजना न्यायाधीशहरुको पूर्ण इजलास), निर्णय मितिः २०३५/९/२५)।

4 रविराज भण्डारी वि. तारानाथ रानाभाट ने.का.प. २०६२ अंक ६ नि.नं. ७५५४, अदालतको अपहेलना सम्बन्धी मुद्दाका सन्दर्भमा मिति २०६२/६/२ मा गरिएको व्याख्या।

5 मातृका प्रसाद यादव वि. संसद सचिवालय समेत, ने.का.प. २०६७, नि. नं. ८४३०, निर्णय मितिः २०६७/४/१९ (पूर्ण इजलास)।

6 संजयकुमार शाह वि. संविधानसभा तथा व्यवस्थापिका संसदको सचिवालय समेत, ने.का.प. २०७०, नि.नं. ९०४०, मितिः २०७०/३/२६ मा भएको आदेश।

7 उल्लिखित विवादहरुका सन्दर्भमा " विशेषाधिकारको मर्यादित र व्यवस्थित रुपले प्रयोग र सञ्चालन गर्ने विशेषाधिकार पनि सम्बन्धित सदनलाई हुँदा विशेषाधिकारको प्रयोग गर्दा संविधानले तोकेको सीमाभित्र रही संयमताका साथ प्रयोग गर्नु अनिवार्य हुने"; "संविधानसभाले गरेको आन्तरिक कामकारवाहीको प्रक्रिया बाहेक संविधानसभाले कुनै निर्णय गर्दा संविधान वा प्रचलित कानून विपरीत हुने गरी स्वेच्छाचारी ढंगले वा अधिकारक्षेत्रविहीन निर्णय हुन जान्छ भने त्यस्तो अवस्थामा यस अदालतले असाधारण अधिकारक्षेत्र प्रयोग गरी त्यस्तो निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्ने"; "विधिको

प्रतिपादित सिद्धान्त अनुसार संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार अदालतको भएकोले संसदबाट भएका निर्णय वा काम कारवाही संविधान वा प्रचलित कानून विपरीत हुने गरी स्वेच्छाचारी ढंगले वा अधिकारक्षेत्रविहीन भएको कुरामा यस अदालतले निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्ने कुरा स्थापित भएका छन्। अहिले हामी संवैधानिक सर्वोच्चताको लोकतान्त्रिक अभ्यासमा रहेका छौं। वर्तमान अवस्थामा संविधानवाद, संवैधानिक सर्वोच्चता, विधिको शासन आदि मान्यता प्रतिकूलका कुनै पनि काम कारवाही वा व्यवहारहरुले वैधानिकता प्राप्त गर्न सक्तैनन्। सम्वत् २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा १०३ को उपधारा (१) मा **"यस संविधानको अधीनमा रही संघीय संसदको दुवै सदनमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गरिने, थुनामा राखिने वा निज उपर कुनै अदालतमा कारबाही चलाइने छैन"** भनी उल्लेख भएको छ। नेपालको संविधानले संघीय संसदको दुवै सदनमा **"पूर्ण वाक स्वतन्त्रता रहने"** भनी प्रावधान समावेश गर्दा संघीय संसदको कुनै सदनमा बोलेको कुनै कुरालाई लिएर कुनै अदालतमा कारवाई चल्न नसक्ने विशेषाधिकारहरुलाई सीमित गरेको पाइन्छ। अन्य प्रकारका संसदीय विशेषाधिकारहरु पनि नेपालको संविधानको अधीनमा रहेर मात्र उपभोग गर्न सकिन्छ भन्ने प्रष्ट नै छ। संविधानको पालना नगर्ने छुट वा सुविधा कोही कसैलाई पनि हुँदैन। कुनै विशेषाधिकारमा "पूर्ण" शब्द जोडिएको कारणले मात्र त्यो विशेषाधिकार असीमित वा अगम्य छ भन्न पनि मिल्दैन। वस्तुतः विशेषाधिकार पूर्ण र असीमित हुँदैन। यसलाई संविधानमा रहेको व्यवस्थाको सापेक्षतामा नै हेरिनु पर्दछ। यही सन्दर्भमा संघीय संसदको विशेषाधिकारको प्रयोग हुनु वाञ्छनीय देखिन्छ।

२४. नेपालको संविधानको धारा १०५ मा बहसमा बन्देज सम्बन्धी व्यवस्था रहेको छ। उक्त धारामा **"नेपालको कुनै अदालतमा विचाराधीन मुद्दाहरूका सम्बन्धमा न्याय निरूपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक**

---

शासन (Rule of Law) मा कुनै पनि कार्य कानूनले निर्देशन गरेअनुरूप वा कानूनबमोजिम मात्र हुन्छ, त्यसमा पनि कसैलाई कुनै कार्य गरेबापत आर्थिक दण्ड वा आर्थिक दायित्व बहन गराउने निर्णय गरिन्छ भने त्यस्तो निर्णय कानूनले व्यवस्था गरेको भन्दा बाहिर गई हुन सक्दैन, कानूनी व्यवस्था भन्दा बाहिर गई कसैलाई आर्थिक दण्ड दिने कार्यलाई विशेषाधिकारभित्र पर्छ भन्न नमिल्ने" भनी सिद्धान्त कायम भएको देखिन्छ।

कार्यको सम्बन्धमा संघीय संसदको कुनै सदनमा छलफल गरिने छैन। तर महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन" भनी उल्लेख भएको छ। यस प्रावधानबाट "महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न" सकिने बाहेक न्यायाधीशको हैसियतले मुद्दा मामिला निरुपण गरिएको विषयलाई संघीय संसदमा छलफलको विषय बनाउन नमिल्ने कुरा प्रष्ट हुन्छ। उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा न्यायाधीशले गरेको काम कारवाही वा आचरणको कुरामा पनि संसदमा छलफल गर्न मिल्ने देखिदैन। यस दृष्टिले हेर्दा महाभियोगको बिषय संसदको विशेषाधिकारको विषय हो भन्ने कुराको आडमा संविधान प्रतिकूलका प्रस्ताव वा काम कारवाहीको औचित्य प्रमाणित गर्न खोज्नु सर्वथा अनुचित हुन जान्छ। आज एउटा बन्देजलाई नाघ्न पाउने अधिकारको दावी गर्नेले भोलि अर्को बन्देजलाई पनि नाघ्ने अधिकारको दावी गर्न सक्दछ। यस्तो असंवैधानिक दावीलाई अदालतले स्वीकार गर्न सक्दैन। यदि संसदले आफ्नो संवैधानिक सीमालाई नाघ्न खोज्छ भने कानून र संविधानको अन्तिम व्याख्याता (Interpreter) हुनुको नाताले सर्वोच्च अदालतले संवैधानिक सीमाका सम्बन्धमा प्रष्ट पार्नु यस अदालतको संवैधानिक कर्तव्य बन्न जान्छ[8]।

२५. लिखित संविधान भएका देशहरुमा स्वभावतः संविधानको अन्तिम व्याख्याता अदालत नै हुन्छ। नेपालको संविधानको धारा १२८ को उपधारा (२) मा समेत **"संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुनेछ"** भनी लोकतान्त्रिक संविधानहरुमा समावेश गर्ने गरिए अनुसारको व्यवस्था उल्लेख भएको छ। यही धारा १२८ तथा धारा १३३ मा रहेको प्रावधानका आधारमा विधायिकाद्वारा निर्मित कानूनहरुलाई सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन (Judicial review) गर्ने गर्दछ। न्यायिक पुनरावलोकनको यो अधिकार लिखित संविधानको आधारभूत शर्त वा मान्यता हो। यस अवस्थामा संसदीय विशेषाधिकारको बिषय उठाएर संविधान वा कानूनको व्याख्या गर्ने यस अदालतको अधिकारलाई सीमित गर्न मिल्ने देखिदैन।

8 "कानून चाहे त्यो सामान्य ऐन वा नियम होस चाहे त्यो संवैधानिक कानून होस त्यसको अन्तिम व्याख्याता अदालत नै हुन्छ, विधायिकाको काम व्यवस्थापन गर्नु हो, व्याख्या गर्नु होइन" भनी यस अदालतबाट सर्वज्ञरत्न तुलाधर वि. राष्ट्रिय पञ्चायतका अध्यक्ष समेत भएको विवादका सन्दर्भमा व्याख्या भएको छ।

२६. अव तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर व्यवस्थापिका-संसदमा मिति २०७४/१/१७ मा पेश गरिएको महाभियोगको प्रस्ताव नेपालको संविधानमा रहेको प्रावधान, भावना र मर्म अनुकूल पेश भएको देखिन्छ वा देखिदैन? भनी निर्णयार्थ प्रस्तुत हुन आएको प्रश्नको निरुपण गर्नु पर्ने हुन आएको छ। विवादित महाभियोगको प्रस्तावमा **"नेपालका प्रधान न्यायाधीश श्री सुशीला कार्कीले सर्वोच्च अदालतमा रही प्रहरी महानिरीक्षकको बढुवा सम्बन्धी रिट निवेदनमा फैसला गर्दा नेपालको संविधानको धारा ७५ बमोजिमको मन्त्रिपरिषद्को कार्यकारिणी अधिकारमा हस्तक्षेप हुने गरी प्रहरी नियमावली, २०७१ को नियम ४१ मा हुँदै नभएको प्रावधान उल्लेख गरी नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न पाउने अधिकारमा हस्तक्षेप हुने गरी फैसला गरेको, कार्य सम्पादन मूल्याङ्कनमा सबैभन्दा बढी अंक भएको प्रहरी नायव महानिरीक्षकलाई दोस्रोमा रहेको र दोस्रोमा रहेको प्रहरी नायव महानिरीक्षकलाई पहिलोमा रहेको भनी तथ्यलाई नै तोडमोड गरी झूठो कुरा उल्लेख गरी फैसला गरेको..."**[9] भन्ने व्यहोरा समेत उल्लेख भएको देखिन्छ। यसरी पेश भएको महाभियोगको प्रस्ताव सम्बन्धमा टिप्पणी गर्ने विशेषणयुक्त शव्दहरु धेरै हुन सक्तछन्। उल्लिखित प्रस्तावको अध्ययनबाट प्रथम दृष्टिमा नै देखिएको कुरा के हो भने विवादित महाभियोगको प्रस्ताव "प्रहरी महानिरीक्षकको बढुवा सम्बन्धी रिट निवेदनमा" गरिएको फैसलाको बिषयमा नै केन्द्रित रहेको छ। यस अर्थमा हेर्दा विवादित महाभियोगको प्रस्ताव प्रतिशोधपूर्ण धारणाको उपज रहेछ भन्ने कुरामा द्विविधा मान्नु पर्ने कारण देखिदैन। प्रहरी महानिरीक्षकको बढुवा सम्बन्धी विवादको सुनुवाई तथा फैसला (आदेश) पाँच जना न्यायाधीश सम्मिलित यस अदालतको बृहद् पूर्ण इजलासबाट भएको देखिन्छ। तर सो विषयलाई लिएर महाभियोग प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर लगाइएको देखियो। न्यायिक निर्णय गर्ने कुरामा इजलासमा सम्मिलित सवै न्यायाधीशको समान दायित्व र भूमिका रहने परिप्रेक्षमा हेर्दा समेत विवादित महाभियोगको प्रस्ताव निश्चित व्यक्ति उपर केन्द्रित रहेको पाइयो। महाभियोग सम्बन्धी प्रस्तावको स्वरुप र अभिव्यक्तिबाट नै उक्त प्रस्ताव कुनै मूल्य,

9 महाभियोगको प्रस्तावमा अन्य विषय वा व्यहोरा पनि उल्लेख भएको देखिन्छ। त्यस्ता विषयहरु सम्बन्धमा अहिले न्यायिक निरुपणको सान्दर्भिकता नरहेकाले सोतर्फ विवेचना गर्नु आवश्यक देखिएन।

मान्यता, आदर्श स्थापित गर्न वा संविधानको पालना गर्ने अवस्था सुनिश्चित गर्न अभिप्रेरित नभएर सरकारले गरेको निर्णयको प्रतिरक्षार्थ पेश गरिएकी भन्ने देखिन्छ। यस प्रकारको काम कारवाहीलाई सामान्य वा नियमित प्रशासनिक वा व्यवस्थापन सम्बन्धी व्यवहारमा समेत स्वीकार्य ठानिदैन। महाभियोगको सन्दर्भमा भन्नु पर्दा उल्लिखित व्यहोरा अझबढी आपत्तिजनक प्रकृतिको रहेको देखिन्छ।

२७. नेपालको संविधानको प्रस्तावनामा "स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण" गर्ने उद्देश्यले संविधान जारी गरिएको कुरा उल्लेख छ। संविधानको धारा १ मा "यो संविधान नेपालको मूल कानून हो। यस संविधानसंग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ" भनी उल्लेख भएको छ। संविधानको धारा १२८ को उपधारा (२) ले "संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भनी लिखित संविधान भएको शासन प्रणालीमा अङ्गिकार गरिए अनुसारको संविधान र कानूनको व्याख्या गर्ने "अन्तिम अधिकार" यस अदालतलाई प्रदान गरिएको देखिन्छ। उल्लिखित प्रावधानमा संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई आत्मसात् गरिएको छ। संविधानको धारा १३३ मा रहेको असाधारण अधिकार प्रयोग गरी यस अदालतले संवैधानिक सर्वोच्चताको रक्षा गर्नु नै पर्ने हुन्छ। यो अधिकारको बिषय मात्र नभएर न्यायपालिकाको संवैधानिक कर्तव्य पनि हो। यस प्रकारको अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्ने कुरालाई अपव्याख्या गरी निषेधित गर्ने वा सीमा निर्धारण गर्न खोज्ने कुनै पनि तर्क, प्रवृत्ति वा जिकिर स्वीकार्य बन्दैनन्।

२८. नेपालको वर्तमान संविधानले शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई आत्मसात् गरेको छ। संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार न्यायपालिकामा नै निहित रहेको हुँदा राज्यका अन्य अङ्गहरुले गरेको काम कारवाही संविधान वा कानून अनुकूल भए-नभएको कुराको निरुपण स्वभावतः न्यायपालिकाबाट नै हुन्छ। यस प्रकार न्यायपालिकाबाट गरिएका आदेश वा फैसलाको विषयलाई लिएर कुनैपनि कारवाही वा प्रस्तावको नाममा संसद लगायत अन्य कुनै निकायले हस्तक्षेप गर्न मिल्दैन। महाभियोग वा अन्य कुनै सन्दर्भमा अदालतबाट भएको फैसला वा आदेशको कुरालाई लिएर कारवाहीको विषय बनाउँदा न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा गम्भीर आघात पर्न जान्छ।

त्यसैले फैसलाको बिषयलाई लिएर पेश भएको महाभियोगको प्रस्ताव स्वयममा संविधान प्रतिकूल रहेको देखिन्छ।

२९. संयुक्त राज्य अमेरिकामा संविधानको धारा २ को उपधारा (४)[10] बमोजिम महाभियोगको आधारको रुपमा अपराधिक कार्यका साथसाथै संविधानको गम्भीर उल्लंघन गरेको कुरालाई महाभियोग लगाउन सकिने आधारको रुपमा ग्रहण गरिएको पाइन्छ[11]। अमेरिकामा न्यायाधीश उपरको महाभियोग सम्बन्धी व्यवस्था संविधानका अतिरिक्त Judicial Conduct and Disability Act, 1980 ले गरेको छ। सन् १९९६ को राष्ट्रपतीय निर्वाचनको सन्दर्भमा Bill Clinton तथा Bob Dole दुवैले संघीय जिल्ला अदालतका न्यायाधीश Harold Baer Jr. को बर्खास्तीको बिषय उठान गरेका थिए। यसपछि संघीय पुनरावेदन अदालतका चारजना न्यायाधीशले न्यायालय उपरको राजनीतिक हस्तक्षेप बिरुद्ध संयुक्त आवाज मुखरित गरे। उनीहरुले Constitution does not "provide for resignation or impeachment whenever a judge makes a decision with which elected officials disagree," "these attacks do a grave disservice to the principle of an independent judiciary and ... mislead the public as to the role of judges in a constitutional democracy" भनी प्रतिवाद गरेका थिए। परिणामतः निज न्यायाधीश उपर कुनै कारवाही हुन पाएन। अमेरिकी सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश William Rehnquist ले महाभियोग सम्बन्धी अमेरिकी अभ्यासका सम्बन्धमा तयार गरेको पुस्तकमा[12] "judicial acts – their rulings from the bench – would not be a basis for removal from office by impeachment and conviction" भनी न्यायिक काम कारवाही वा निर्णयको बिषय महाभियोगको आधार बन्न नसक्ने कुरामा जोड दिएका छन्।

---

10 Article II Section 4 of the Constitution of the United States of America: "The President, Vice President and all civil Officers of the United States, shall be removed from Office on Impeachment for, and Conviction of, Treason, Bribery, or other high Crimes and Misdemeanors."

12 William Rehnquist, Grand Inquests: The Historic Impeachments of Justice Samuel Chase and President Andrew Johnson, 1992.

३०. संसदीय सर्वोच्चता भएको मुलुक बेलायतमा सन् १३७६ मा पहिलो पटक उच्च पदस्थ पदाधिकारीहरूलाई फौजदारी अभियोग सरहको कसूरको अभियोग लगाई पदबाट हटाउने र दण्डित गर्ने महाभियोगको पद्धति शुरू भएको देखिन्छ[13]। सन् १३७६ बाट शुरू भएको महाभियोगको अन्त्य १८०५ मा भयो[14] अर्थात सन् १८०५ पश्चात् कसै उपर पनि महाभियोग लागेको देखिदैन। त्यसैले फिलिप्स र ज्याक्सन लगायतका संविधानविद्ले महाभियोग प्रचलनबाट हराइसकेको दाबी गरेका छन्। त्यहाँको संसदीय विशेषाधिकार सम्बन्धी समितिले सन् १९९९ मा महाभियोग नै औचित्यहीन भएको भनी सिफारिश गरेको पाइन्छ[15]।

३१. भारतको संविधान र Judges (Inquiry) Act, 1968 ले महाभियोग सम्बन्धी व्यवस्था गरेका छन्। भारतमा न्यायाधीश उपर "साबित दुराचार" (proved misbehavior) वा "असक्षमता" (incapacity) को आधारमा महाभियोग लगाउन सकिन्छ। Judges (Inquiry) Act, 1968 अनुसार आरोपित न्यायाधीश उपर अनुसन्धान गर्न सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा अन्य न्यायाधीश मध्येबाट एक जना, उच्च अदालतका मुख्य न्यायाधीशहरु मध्येबाट एक जना र अर्का एक जना कानूनशास्त्री सहित तीन जना सदस्य रहेको एक समिति गठन गर्ने व्यवस्था छ। उक्त समितिले छानबिन गरी आरोपित न्यायाधीश उपरको आरोप जायज नरहेको भन्ने प्रतिवेदन दिएमा महाभियोगको प्रक्रिया त्यतिकैमा समाप्त हुन पुग्दछ भने दोषी भनी प्रतिवेदन दिएमा मात्र संसदीय कारवाही प्रक्रिया अगाडि बढ्दछ। भारत लगायत अन्यत्रको अभ्यासलाई दृष्टिगत गर्ने हो भने न्यायिक निर्णय, फैसला गरेको र अपनाइएको वुद्धिमत्ताको कुरालाई महाभियोगको विषय बनाइएको देखिदैन[16]। यदि फैसलाको औचित्यमा प्रवेश गरेर महाभियोग लगाउने वा

---

13 Barnett, Hilaire (2002), Constitutional and Administrative Law, Cavendish Publishing, ISBN 978-1-84314-475-5, Retrieved 22 May 2020.

14 Jack Simson Caird "Impeachment" House of common, Briefing paper, Number CBP7612, 6 June 2016

15 HL Paper 43-1 HC 214-1 1998-99 Para 16

16 UN Basic Principles on the Independence of the Judiciary, 1985 को धारा २० मा पनि "Decisions in disciplinary, suspension or removal proceedings should be subject to an independent review. This principle may not apply to the decisions

संसदले छानविन गर्न पाउने हो भने परिणामतः संसद अदालतको फैसला जाँच्ने र पुनरावेदन सुन्ने तहमा परिणत हुन पुग्ने अवस्था रहन्छ। त्यस प्रकारको अवस्थालाई सुःखद् र शक्तिपृथकीकरणको सिद्धान्त अनुकूलको व्यवहार मान्न मिल्दैन।

३२. अमेरिकामा अहिलेसम्म आठ जना सर्वोच्च अदालत बाहेकका अन्य तहका न्यायाधीशहरु उपर महाभियोग लगाइएको देखिन्छ। यसरी लगाईएका ८ वटै महाभियोगका विषयहरु कसूरजन्य कार्य गरेको कुरासंग नै सम्वन्धित थिए। श्रीलंकाको प्रधान न्यायाधीश Shirani Bandaranayake उपर सन् २०१३ मा लगाइएको आरोप पनि आर्थिक अनियमिततासंग सम्बन्धित थियो[17]। फिलिपिन्सका प्रधान न्यायाधीश Renato Corona उपर सन् २०११ मा लगाइएको महाभियोग पनि आर्थिक अनियमितता र पारदर्शिताको बिषयसंग सम्बन्धित थियो। भारतका उच्च अदालतका तीन जना न्यायाधीश माथि लगाइएको महाभियोग समेत आर्थिक अनियमितता, भ्रष्टाचार र सार्वजनिक सम्पत्तिको दुरूपयोगको बिषयसंग सम्बन्धित थिए। न्यायिक कार्यका सन्दर्भमा गरेको फैसला वा आदेशको बिषयलाई लिएर महाभियोग लगाइएको दृष्टान्त देखिदैन। तर श्री सुशीला कार्की उपर भने कुनै कसूरजन्य काम गरेको भन्ने आरोप लगाईएको देखिदैन, प्रहरी कर्मचारीको नियुक्ति सम्बन्धमा सरकारले गरेको निर्णयको बिषयमा अदालतलें प्रवेश गरेको भन्ने कुरालाई मूल आधारको रुपमा उल्लेख गरिएको देखिन्छ। यसरी तुलनात्मक अभ्यासका दृष्टिले हेर्दा विवादित महाभियोगको प्रस्ताव त्रुटिपूर्ण रहेको पाइयो।

३३. संविधानमा रहेका प्रावधान अनुकूलका उचित र पर्याप्त आधार तथा कारण विद्यमान भएमा न्यायाधीश उपर पनि महाभियोगको कारवाही चलाउन र पदबाट हटाउन सकिन्छ। केही अपवाद अवस्थामा महाभियोगको प्रकृया अगाडि बढाउनु आवश्यक पनि हुन सक्तछ। तर यो जथाभावी चलाउने वा प्रतिशोधको भावनाले प्रयोग गर्ने हतियार होइन। अमुक स्वार्थ-

of the highest court and those of the legislature in impeachment or similar proceedings" भनी उल्लेख गरिएको छ।

17 श्री लंकाका प्रधान न्यायाधीश Shirani Bandaranayake उपर आर्थिक अनियमितताको अभियोगमा सन् २०१३ मा संसदले महाभियोगको प्रस्ताव पारित गरेपछि राष्ट्रपति Mahinda Rajapaksa ले पदबाट हटाएका थिए। तर यस घटनालाई न्यायपालिका उपरको अनुचित हस्तक्षेप गरिएको भनी अन्तर्राष्ट्रिय स्तरमा प्रसस्तै आलोचना पनि भएको थियो। उनी उपरको आर्थिक अनियमितता भन्ने आरोप कृत्रिम, बनावटी र पूर्वाग्रह-प्रेरित थियो भनी आलोचकहरुले टिप्पणी गर्ने गरेका छन्।

समूहको चाहना प्रतिकूल आदेश, निर्णय वा फैसला गरेको कुरालाई कुनै कृत्रिम सैद्धान्तिक आवरण दिएर प्रतिशोधस्वरुप चलाइने महाभियोगको कारवाहीबाट संवैधानिक सन्तुलन कायम गर्ने, सुशासन कायम गर्ने तथा संविधानवादको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्ने जस्ता मूल्य मान्यताहरु गम्भीर खतरामा पर्न पुग्दछन्। भारतीय सन्दर्भमा हेर्दा संविधान जारी भएपछिको अहिले करिव ७५ बर्षको अवधिमा कुनै पनि न्यायाधीशलाई महाभियोगको माध्यमबाट हटाइएको देखिदैन[18]। अमेरिकी सन्दर्भ हेर्दा पनि सन् १८०३ देखि अहिलेसम्म सर्वोच्च अदालत बाहेक अन्य तहका संघीय अदालतका करिब १५ जना

---

18 भारतीय सर्वोच्च अदालतका न्यायाधीश V. Ramaswami उपर निज पञ्जाव तथा हरियाणा उच्च अदालतको मुख्य न्यायाधीश पदमा कार्यरत रहँदाको अवस्थामा गरेको कार्यको बिषयलाई लिएर सन् १९९१ मा महाभियोगको कारवाही चलाइएको र महाभियोग सम्बन्धमा छानविन गर्ने संसदीय समितिले उनलाई "guilty of wilful and gross misuse of office, purposeful and persistent negligence in the discharge of duties, intentional and habitual extravagance at the cost of the exchequer, moral turpitude by using public funds for private purposes in diverse ways and reckless disregard of statutory rules and brings disrepute to the high office and dishonour to the institution of the judiciary and undermines the faith and confidence which the public reposes in the administration of justice" भनी ठहर गरेको अवस्थामा पनि निज उपरको महाभियोग प्रस्ताव लोकसभाबाट पारित हुन सकेन। सन् २०११ मा सिक्किम उच्च अदालतका न्यायाधीश PD Dinakaran उपरको महाभियोग प्रस्ताव निजले छानविन समितिको निष्पक्षतामा प्रश्न उठाई राजिनामा दिएको कारणबाट कारवाही टुंङ्गो लाग्न पाएन। सन् २०११ मा कलकत्ता उच्च अदालतका न्यायाधीश Soumitra Sen उपर सार्वजनिक कोषको दुरुपयोग गरेको आरोपमा चलाइएको महाभियोगको कारवाही निजले पद त्याग गरेपछि टुंङ्गिन पुग्यो। यसपछि सन् २०१५ मा गुजरात उच्च अदालतका न्यायाधीश JB Pardiwala लाई फैसला गर्दा जातीवादी टिप्पणी गरेको आरोपमा महाभियोग सम्बन्धी कारवाही चलाएकोमा पछि उनले फैसलाबाट आपत्तिजनक मानिएको अंश हटाएपछि महाभियोग सम्बन्धी कारवाही पनि थन्क्याइयो। लगभग यही समयमा यौन दुर्व्यवहार सम्बन्धी आरोप लगाई मध्यप्रदेश उच्च अदालतका न्यायाधीश SK Gangele उपर महाभियोग सम्बन्धी कारवाही चलाइएकोमा छानविनबाट सो तथ्य प्रमाणित हुन नसकेकोले उनले फुर्सद पाए। आन्ध्रप्रदेश तथा तेलङ्गना उच्च अदालतका न्यायाधीश CV Nagarjuna Reddy उपरको महाभियोगका सन् २०१६ र २०१७ मा गरिएका दुवै प्रयास सफल हुन सकेन। भारतीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश दिपक मिश्र उपर पनि महाभियोगको प्रारम्भिक प्रयास गरिएको थियो, तर उक्त प्रक्रिया अगाडि बढ्न सकेन।

न्यायाधीश उपर प्रतिनिधि सभा (House of Representatives) मा महाभियोग प्रस्ताव पारित गरिएको मध्ये Senate बाट आठ जनाको महाभियोग प्रस्ताव मात्र स्वीकृत भएको पाइन्छ। संघीय सर्वोच्च अदालतका न्यायाधीश Samuel Chase उपर House of Representatives बाट पारित गरिएको महाभियोगको प्रस्तावलाई Senate ले सन् १८०३/१८०४ मा स्वीकार नै गरेन[19]। त्यसपछि विगत करिव २२० बर्षदेखि अमेरिकी सर्वोच्च अदालतका न्यायाधीश उपर महाभियोगको कारवाही चलाइएको देखिदैन।

३४. वस्तुतः महाभियोगको प्रयोजन आवश्यक भएकाले नै संविधानमा सो सम्बन्धी प्रावधान समावेश भएको हो। तथापि महाभियोगको औचित्य प्रमाणित हुनका लागि कानूनको शासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न व्यवधान गर्ने व्यक्तिलाई पदबाट हटाउन र सजाय गर्न यसको प्रयोग हुन सक्तछ। राजनैतिक प्रतिशोध वा बदलाका भावनाले महाभियोगको प्रयोग गरिनु हुँदैन। यसका अतिरिक्त, अदालतमा विचाराधीन मुद्दा वा न्यायिक निर्णयमा भएको असन्तुष्टिलाई आधार बनाएर पनि महाभियोग लगाउन मिल्दैन[20]। Keith ले भनेका छन्: "Judges could not be removed simply for taking politically unpopular positions"[21].

३५. महाभियोग सम्बन्धी कारवाही चलाउने निर्णयमा पुग्दा उल्लिखित वस्तु-तथ्य र यसको अन्तर्यमा रहेको दृष्टिकोणप्रति पनि हामीले विचार गर्नु वाञ्छनीय देखिन्छ। श्री सुशीला कार्की उपरको विवादित महाभियोगको प्रस्ताव फिर्ता लिँदा **"संविधान कार्यान्वयनको यो संवेदनशील घडिमा संविधान बमोजिम स्थापित राज्यका अंगहरुले संविधानको उद्देश्य अनुरुप काम गर्नुपर्ने बृहत्तर आवश्यकतालाई ध्यानमा राख्दै संवैधानिक अंगहरुको बीचमा सौहार्दता,**

19 अमेरिकी संवैधानिक व्यवस्थामा व्यवस्थापिकाका दुवै सदनबाट महाभियोगको प्रस्ताव पारित हुनु पर्दछ। सोही अनुसारको प्रावधान भारतमा पनि रहेको छ।

20 It is now well settled in United States that impeachment proceeding cannot be initiated on the basis that decision of a judges on the merit of a case is erroneous. This is illustrated by the failure of impeachment process in relation to justice chase in 1805.

21 Whittington, Keith. E. Constitutional Construction: Divided powers and Constitutional meaning, Cambridge, mass; Harvard University press. For further elaboration read Justice Samuel Case, 1805.

सकारात्मक सहयोग र समझदारीको अपेक्षा गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की विरुद्धको महाभियोगको प्रस्ताव फिर्ता गरिएको" भनी कारण उल्लेख गरिएको देखिन्छ। करिब २८ दिन अगाडि प्रस्ताव पेश गर्दाको अवस्थामा पनि "संविधान कार्यान्वयनको संवेदनशील घडि" कायम नै थियो होला?; "संविधान बमोजिम स्थापित राज्यका अंगहरुले संविधानको उद्देश्य अनुरुप काम गर्नुपर्ने बृहत्तर आवश्यकता" पनि रहेकै थियो होला?; "संवैधानिक अंगहरुको बीचमा सौहार्दता, सकारात्मक सहयोग र समझदारीको अपेक्षा" पनि स्वभावतः विद्यमान रहेको थियो होला? तर करिब २८ दिन अगाडि त्यस प्रकारको स्थित वा अवस्था नदेखिएकोमा २८ दिन पछाडि त्यस प्रकारको स्थित वा अवस्था देखिन आएको सन्दर्भ पनि विचारणीय बिषय बनेको छ। पेश गरिएको महाभियोगको प्रस्ताव प्रतिनिधि सभाको वैठकमा औपचारिक रुपमा प्रस्तुत भई छलफल र कारवाही अगाडि बढाउने निर्णय नहुँदै प्रस्ताव फिर्ता लिइएको देखिएबाट प्रस्तावमा उल्लेख गरिएका आरोपहरु प्रमाणित हुन नसक्ने अवस्थामा रहेको कुरामा प्रस्तावक तथा समर्थकहरु विस्वस्त रहेको अर्थमा पनि यसलाई लिन सकिन्छ। यसरी महाभियोग प्रस्तावका प्रस्तावक र समर्थकले महाभियोग प्रस्ताव फिर्ता सम्बन्धमा सम्माननीय सभामुखलाई मिति २०७४/२/१५ मा दिएको सूचना र तदनुरुप महाभियोगको प्रस्ताव व्यवस्थापिका-संसदको निर्णयबाट फिर्ता गरिएको समग्र पक्षमा विचार गर्दा सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर व्यवस्थापिका-संसदमा मिति २०७४/१/१७ मा पेश गरिएको महाभियोगको प्रस्ताव नेपालको संविधानमा रहेको प्रावधान, भावना र मर्म अनुकूल पेश गरिएको थियो भनी मान्न सकिएन।

३६. अव, **महाभियोगको कारवाही कुन अवस्था वा चरणबाट प्रारम्भ भएको हुन्छ भन्ने मानेर सम्बन्धित पदाधिकारीले कुन अवस्थामा वा कुन चरणदेखि आफ्नो पदीय काम कारवाही गर्न नपाउने हो?** भन्ने निर्णयार्थ प्रस्तुत प्रश्न उपर विचार गर्नु सान्दर्भिक हुन आएको छ। विवादित महाभियोग प्रस्ताव मिति २०७४/१/१७ गते दिनको ४:०० बजे व्यवस्थापिका-संसदमा दर्ता भएको देखिन्छ। प्रस्ताव दर्ता भएपछि सोही मितिमा सम्माननीय सभामुखबाट **"श्री महासचिव, आ.का."** भनी तोक आदेश भएको र त्यसपछि सोही मितिमा महासचिव मनोहरप्रसाद भट्टराईले राष्ट्रपतिको कार्यालय शीतल निवास समेतलाई सम्वोधन गरी "सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की विरुद्ध महाभियोगको कारवाही प्रारम्भ भएको हुँदा नेपालको संविधानको धारा १०१ को उपधारा (६) तथा व्यवस्थापिका-संसद

नियमावली, २०७३ को नियम १६८ को उपनियम (९) बमोजिम उक्त महाभियोगको कारवाहीको टुङ्गो नलागेसम्म उहाँले आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने" भनी पत्राचार गरेको देखियो। यसरी गरिएको पत्राचार संविधान अनुकूल छ वा छैन भन्ने प्रश्न अहिले निरुपणको बिषय बनेको देखिन्छ।

३७. महाभियोगको कारवाही प्रारम्भ हुने अवस्था सम्बन्धी उपरोक्त अनुसारको प्रश्नको निरुपण गर्नका लागि सर्व प्रथम संविधानमा रहेको महाभियोग सम्बन्धी प्रावधान उधृत गर्नु आवश्यक देखिन्छ। नेपालको संविधानको धारा १०१ मा महाभियोग सम्बन्धमा निम्न बमोजिमको प्रावधान रहेको छः

(१) "यो संविधान र कानूनको गम्भीर उल्लंघन गरेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले राष्ट्रपति वा उपराष्ट्रपति विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्। त्यस्तो प्रस्ताव संघीय संसदको दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा निज पदबाट मुक्त हुनेछ।

(२) यो संविधान र कानूनको गंभीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन्। त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ।

(३) उपधारा (२) बमोजिमको कुनै व्यक्तिको विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबीन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा एक महाभियोग सिफारिस समिति रहनेछ।

(४) उपधारा (३) बमोजिमको समितिमा प्रतिनिधि सभाका एघार जना सदस्य रहनेछन्।

(५) उपधारा (२) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लंघन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको

पालन इमानदारीपूर्वक नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा उपधारा (३) बमोजिमको समितिले त्यस्तो उजुरीमाथि संघीय कानून बमोजिम छानबिन गरी महाभियोग सम्बन्धी कारबाहीका लागि प्रतिनिधि सभा समक्ष सिफारिस गरेमा उपधारा (२) बमोजिम महाभियोगको प्रस्ताव पेश हुन सक्नेछ।

(६) उपधारा (२) बमोजिम महाभियोगको कारबाही प्रारम्भ भएपछि नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारबाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन।

(७) उपधारा (१) वा (२) बमोजिम महाभियोगको आरोप लागेको व्यक्तिलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) यस धारा बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएका राष्ट्रपति वा उपराष्ट्रपति, नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा संघीय कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

(९) उपधारा (१) वा (२) बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन।

(१०) महाभियोग सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ"।

३८. नेपालको संविधानको धारा १०१(२) मा "संविधान र कानूनको गंभीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको" भन्ने आधारमा महाभियोगको कारवाही हुन सक्ने कुरा उल्लेख छ। उल्लिखित चारवटा आधारहरु मध्ये पहिलो तीन वटा आधारहरुले भने अन्य मुलुकमा प्रचलित अभ्याससंग सामिप्यता राख्दछन्। तर "आचार संहिताको गम्भीर उल्लंघन गरेको" भन्ने चौथो आधार अन्यत्र प्रचलित व्यवस्थाको तुलनामा सर्वथा नौलो प्रावधानको रुपमा रहेको देखिन्छ। अरु देशले "संविधानको गम्भीर

उल्लंघन गरेको" भनी उल्लेख गर्ने गरेको कुरालाई नेपालको संविधानले "आचार संहिताको गम्भीर उल्लंघन गरेको" भन्ने समेत थप शर्त उल्लेख गरेको कुराको औचित्य र यसको विधिशास्त्रीय व्याख्या तथा विश्लेषण हुन भने बाँकी नै छ।

३९. नेपालको संविधानको धारा १०१(२) बमोजिमको अवस्था विद्यमान रहेको भई महाभियोगको प्रस्ताव पेश भएपछि कुन अवस्था वा चरणमा सम्बन्धित पदाधिकारीले कार्यसम्पादन गर्न नपाउने हो भन्ने सन्दर्भमा हेर्दा संविधानको धारा १०१(६) मा **"महाभियोगको कारबाही प्रारम्भ भएपछि"**[22] प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारबाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन भन्ने उल्लेख भएको देखिन्छ। उक्त प्रावधानको अर्थ, प्रयोजन र सो कुराको कार्यान्वयन गर्ने गराउने अख्तियारी सम्बन्धी पक्ष विचारणीय रहेको छ। महाभियोग लगाउने अख्तियारी संविधानले संसदलाई प्रदान गरेको हो। संसदका सभामुख लगायत अन्य कुनै पनि पदाधिकारीलाई एकल वा व्यक्तिगत रुपमा प्रयोग गर्न पाउने गरी यो अधिकार प्रदान गरिएको छैन। आफूमा नभएको अधिकार कसैले पनि प्रयोग गर्न हुँदैन। संसद (प्रतिनिधि सभा) बाट महाभियोगको कारवाही प्रारम्भ गर्ने गरी निर्णय गरी संविधानको धारा १०१ को उपधारा (३) बमोजिम गठन भएको महाभियोग सिफारिश समितिमा पठाउने भनी निर्णय नगरेसम्म कानूनी रुपमा "महाभियोगको कारवाही प्रारम्भ भएको" मान्न नै मिल्दैन। प्रतिनिधि सभाका सदस्यहरुले पेश गर्ने प्रस्ताव स्वयममा संसदको निर्णय मानिदैन। प्रतिनिधि सभाले महाभियोग सम्बन्धी प्रस्तावको स्वामित्व औपचारिक रुपमा ग्रहण नगरेसम्म "कारवाही प्रारम्भ भएको" हुँदैन। जवसम्म संसदले महाभियोगको प्रस्तावलाई औपचारिक रुपमा

---

22 व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ को उपनियम (९) मा समेत **"...महाभियोगको कारवाही प्रारम्भ भएपछि आरोपित पदाधिकारीले त्यस्तो कारवाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन"** भन्ने प्रावधान रहेको देखिन्छ। यही प्रावधानलाई समेत उल्लेख गरेर महासचिवले मिति २०७४/१/१७ मा पत्राचार गरेको पाइयो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८७(९) मा पनि "महाभियोगको कारवाही प्रारम्भ भएपछि सो कारवाहीको टुङ्गो नलागेसम्म आरोप लागेको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशले आफ्नो पदको कार्य गर्ने छैन" भनी उल्लेख भएको थियो। यसै अनुसारको प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०५ को उपधारा (३) मा समेत गरिएको देखिन्छ।

स्वीकार गरी कारवाही प्रक्रिया अगाडि बढाउने कुराको अनुमोदन गर्दैन, तबसम्म महाभियोगको कारवाही प्रारम्भ भएको मानिदैन। प्रतिनिधि सभाका सदस्यहरुले पेश गरेको केवल "प्रस्ताव" मात्रै हो। कुनै निकायमा अमुक विषयको "प्रस्ताव" पेश हुँदैमा स्वतः कारवाही प्रक्रिया प्रारम्भ हुँदैन। यदि प्रतिनिधि सभाका एक चौथाई सदस्यले पेश गरेको प्रस्तावकै आधारमा कुनै न्यायाधीश वा संवैधानिक पदाधिकारीले पदीय कार्य गर्न नपाउने हो भने परिणामतः दुई तिहाई बहुमत सहित संस्थागत रुपमा महाभियोगको प्रस्ताव पारित हुनु पर्ने संविधानको प्रावधान प्रकारान्तरले एकहदसम्म निष्कृय बन्न जान्छ। यसैगरी, महाभियोगको प्रस्तावलाई अख्तियारप्राप्त निर्णय गर्ने निकाय प्रतिनिधि सभामा पेश गरी सो सभाले कारवाही प्रारम्भ गर्ने भनी निर्णय नगर्दैको अवस्थामा "महाभियोगको कारबाही प्रारम्भ भएको" भनी भनियो भने संविधानको अपव्याख्या हुन पुग्दछ। भारतको संविधानको धारा १२४ र Judges (Inquiry) Act, 1968 ले कुनै पनि महाभियोग सम्बन्धमा जाँचबुझ गर्न गठित समितिको सिफारिस नभई आरोपित न्यायाधीश निलम्बनमा पर्ने व्यवस्था रहेको देखिदैन। दक्षिण कोरियाको संविधानको धारा ६५ मा महाभियोगको प्रस्तावलाई संसदले स्वीकार गरेपछि मात्र सम्बन्धित व्यक्ति (न्यायाधीश समेत) महाभियोगको अन्तिम टुंगो नलागुन्जेलसम्म आफ्नो पदबाट निलम्बित हुने प्रावधान रहेको देखिन्छ[23]। नेपालको संविधानको धारा १०१ को उद्देश्य वा मनसाय पनि यही नै हो। यस कुराको प्रतिकूल हुने गरी कुनै पनि तोक आदेश, निर्णय, निर्देशन, नियम, कानून आदि भएका वा बनेका छन् भने पनि त्यसलाई संविधान अनुकूल मान्न सकिने अवस्था भन्न मिल्ने देखिदैन।

४०. विवादित महाभियोग सम्बन्धमा महासचिवले गरेको काम कारवाहीतर्फ दृष्टिगत गर्दा समेत सम्माननीय सभामुखबाट **"श्री महासचिव, आ.का."** भन्नेसम्म व्यहोरा उल्लेख गरी महाभियोगको प्रस्तावमा तोक आदेश गरिएको देखिन्छ। "आ.का." शव्दको स्वभाविक तात्पर्य "पेश भएको प्रस्ताव प्रतिनिधि सभामा नियमानुसार पेश गर्न आवश्यक प्रवन्ध मिलाउनु" भन्ने अर्थवोध हुन्छ। प्रधान न्यायाधीशलाई पदीय कार्य सम्पादन गर्न नपाउने

23 Article 65(3) of the Constitution of the Republic of Korea, 1987 "Any person against whom a motion for impeachment has been passed shall be suspended from exercising his power until the impeachment has been adjudicated".

भनी आदेश दिने अधिकार संविधानले सभामुखलाई प्रदान गरेको छैन। प्रधान न्यायाधीश श्री सुशीला कार्कीले आफ्नो पदको कार्य सम्पादन गर्न नपाउने गरी पत्राचार गर्नु भनी सभामुखले महासचिवलाई प्रष्ट शव्दमा कुनै आदेश निर्देशन दिएको समेत देखिदैन। यस अवस्थामा महासचिवबाट भएको पत्राचार सर्वथा अनुचित र अधिकारविहिन रहेको देखियो। महासचिवले संसदबाट भएको निर्णय कानूनको अधीनमा रही प्रमाणीकरण गर्नेसम्म हो, निज आफैले संसदको अधिकार प्रयोग गर्न मिल्दैन। महाभियोगका सम्बन्धमा निर्णय गर्ने अधिकार केवल प्रतिनिधि सभामा रहेको देखिन्छ। यो अधिकार प्रतिनिधि सभा बाहेक अन्य कुनै पनि पदाधिकारीले एकल रुपमा प्रयोग गर्न पाउँने देखिदैन। महाभियोगको कुरालाई कसैको पनि निजी प्रतिष्ठाको बिषय बनाउनु हुँदैन। महाभियोगको प्रस्ताव पेश गर्दा लगाइएको आरोप वस्तुनिष्ठ तबरबाट प्रमाणित गर्न सक्ने कुरामा प्रस्तावक र समर्थकहरु विस्वस्त हुन पनि वाञ्छनीय हुन्छ। आफूले पेश गरेको प्रस्ताव पारित नभएमा त्यसको दायित्व वा जिम्मेवारी लिने राजनैतिक तथा संवैधानिक नैतिकताको बिषय बन्न जाने कुराप्रति पनि प्रस्तावक तथा समर्थकहरु सचेष्ट रहनु आवश्यक देखिन्छ। महाभियोग सम्बन्धी अधिकार संवैधानिक मर्यादा कायम राख्ने सन्दर्भमा संविधानसम्मत् तबरबाट अपवाद अवस्थामा प्रयोगमा ल्याउन सकिने विशेष व्यवस्था हो। महाभियोगको कुरालाई न्यायपालिका उपर हस्तक्षेप वा नियन्त्रण गर्ने माध्यम बनाईनु हुँदैन। यसलाई न्यायिक निष्ठा कायम राख्ने, स्वेच्छाचारिता हुन नदिने, खराव आचरण भए बापत उत्तरदायित्व वहन गराउने र न्यायिक सक्षमता कायम राख्ने माध्यमको रुपमासम्म पर्याप्त आधार र कारण विद्यमान रहेको अवस्थामा असल नियतले प्रयोग गर्न सकिन्छ। तर प्रस्तुत विवादको सन्दर्भमा हेर्दा, महाभियोगको कारवाही प्रतिनिधि सभाबाट संविधानसम्मत् रुपमा प्रारम्भ नहुँदै हतारमा तथा आफ्नो अधिकारक्षेत्र भन्दा बाहिर गएर महासचिवले मिति २०७४/१/१७ मा प्रधान न्यायाधीश श्री सुशीला कार्कीले आफ्नो पदीय काम कारवाही गर्न नपाउने भनी पत्राचार गरेको देखियो। यसलाई संविधान अनुकूल काम कारवाही गरेको भनी मान्न मिल्ने देखिएन।

४१. महाभियोगको प्रस्ताव पेश भएपछि सो सम्बन्धमा कारवाही प्रारम्भ गर्ने कुरामा समेत कानूनले तदारुखताको अपेक्षा राख्दछ। तत्काल प्रचलित व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १६८ मा महाभियोगको प्रस्ताव प्राप्त भएपछि महासचिवले सभामुख समक्ष पेश गर्ने, त्यस्तो प्रस्ताव दर्ता भएको मितिले सात दिनभित्रको कुनै वैठकमा

(प्रतिनिधि सभाको वैठकमा) छलफल हुने गरी दिन र समय तोकिने, व्यवस्थापिका-संसदको अधिवेशन चालु नरहेको अवस्थामा महाभियोगको प्रस्ताव पेश गर्ने सदस्यले त्यस्तो प्रस्ताव दर्ता भएको मितिले बढीमा पन्ध्र दिन भित्र वैठक बस्ने गरी संविधानको धारा ९३ को उपधारा (३) बमोजिम अधिवेशन आह्वान समेतको माग गर्नु पर्ने, अधिवेशन आह्वान गरिएको अवस्थामा त्यस्तो अधिवेशन प्रारम्भ भएको तीन दिन भित्रको कुनै वैठकमा महाभियोगको प्रस्ताव उपर छलफल हुने गरी दिन र समय तोकिने, यसपछि छलफल हुने र छलफल भएपछि महाभियोग सिफारिश समितिमा पठाउने व्यवस्था समेत रहेको देखिन्छ। महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ मा समेत केही कार्यविधिगत प्रावधानहरु रहेका छन्। यसरी नेपालको संविधान तथा महाभियोग सम्बन्धमा प्रक्रिया निर्धारण गर्न बनेका कानूनहरुले महाभियोगको प्रस्तावलाई वाञ्छित तदारुकताका साथ टुङ्ग्याउनु पर्ने कुराको अपेक्षा राखेको छ। न्यायाधीश वा अन्य कुनै संवैधानिक पदाधिकारीलाई लामो समयसम्म अनिश्चयको अवस्थामा राख्नु हुँदैन भन्ने मान्यता राखेर नै यस प्रकारका व्यवस्था गरिएका हुन्[24]। यसलाई कुनै व्यवहारिक सुविधा वा असुविधाको आडमा वा कसैको अकर्मण्यताको परिणामस्वरुप अनिश्चितकालसम्म लम्ब्याउन, थाँती राख्न वा यसलाई कुनै प्रकारको सौदाबाजीको विषय बनाउन मिल्दैन। न्यायपालिका लगायत संवैधानिक निकायहरुप्रतिको विश्वसनीयता, प्रभावकारिता, स्वतन्त्रता जस्ता कुराहरुको प्रत्याभूतिका लागि पनि उचित, मनासिव वा वाञ्छित समयावधि भित्र नै तार्किक रुपमा महाभियोग सम्बन्धी कारवाहीको टुङ्गो लाग्नु आवश्यक हुन्छ। यो सुशासन तथा राज्यकोषको रकमबाट पारिश्रमिक आदि रकम भुक्तानी लिई कानूनी अख्तियारीको प्रयोग गर्ने पदाधिकारीहरुको जवाफदेहितासंग सम्बन्धित बिषय पनि हो। तर प्रस्तुत विवादको सन्दर्भमा हेर्दा संविधानको धारा १०१ मा अन्तर्निहित भावना तथा संसदको नियमावलीले निर्धारण गरेको समयावधि भित्र प्रतिनिधि सभाको वैठकमा कुनै प्रकारको प्रस्ताव पेश भएको

---

24 UN Basic Principles on the Independence of the Judiciary, 1985 को धारा १७ मा "A charge or complaint made against a judge in his/her judicial and professional capacity shall be processed expeditiously and fairly under an appropriate procedure" भनी उल्लेख भएको प्रावधानले पनि यही कुरामा जोड दिएको देखिन्छ।

तथा छलफल गरिएको तथ्य प्रत्यर्थीहरुको लिखित जवाफबाट खुल्न आएको पाइएन। यस दृष्टीले हेर्दा समेत विवादित महाभियोगको प्रस्तावलाई विधिवत् रुपमा अधिकारप्राप्त निकाय प्रतिनिधि सभाले ग्रहण गरी कारवाही प्रारम्भ गरेको रहेछ भनी मान्न सकिने अवस्था देखिएन।

४२. अब, रिट निवेदकको मागबमोजिम कुनै प्रकारको रिट आदेश जारी हुने वा नहुने के हो? भनी निरुपण गर्नुपर्ने अन्तिम प्रश्नका सन्दर्भमा विचार गर्दा, तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर मुद्दा मामिलाको रोहमा गरेको फैसलाको बिषयलाई लिएर पेश गरिएको महाभियोगको प्रस्ताव, संसदका महासचिवले महाभियोग सम्बन्धी कारवाही प्रारम्भ भएको भनी मिति २०७४/१/१७ मा गरेको पत्राचार, तथा महाभियोग प्रस्तावको बिषय संसदको विशेषाधिकारको विषय भएकाले अदालतले हेर्न मिल्दैन भन्ने प्रत्यर्थीहरुको जिकिर समेतका काम कारवाही तथा जिकिर नेपालको संविधान तथा महाभियोग सम्बन्धी अन्यत्रको न्यायिक अभ्यास समेतको प्रतिकूल देखिन आयो। तथापी, तत्कालिन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर मिति २०७४/१/१७ मा पेश गरिएको महाभियोगको प्रस्तावका प्रस्तावक समेतबाट मिति २०७४/२/१५ मा प्रस्ताव फिर्ता लिइएको भन्ने व्यहोरा पेश भई व्यवस्थापिका-संसदको मिति २०७४/२/२३ गते बसेको बैठकबाट महाभियोगको प्रस्ताव फिर्ता समेत भैसकेको देखियो। यसका अतिरिक्त, तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की मिति २०७४/०२/२४ मा नै उमेर-हदको कारणबाट सेवा-निवृत हुनु भएको समेत देखिन्छ। त्यसैले यसमा अब कुनै प्रकारको रिट आदेश जारी गरी संवैधानिक वा कानूनी उपचार प्रदान गरिरहनु पर्ने प्रयोजन देखिएन। रिट निवेदन खारेज हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू:

<u>तपसिल:</u>

१. प्रस्तुत रिट निवेदन यस इजलासबाट सुनुवाई हुने गरी दर्ता हुँदा निवेदकले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५(३) बमोजिम धरौटी राखेको नदेखिएकोले सो सम्बन्धमा केही गरिरहनु परेन।

२. प्रस्तुत आदेशको प्रतिलिपी सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत सबै प्रत्यर्थीहरुलाई पठाई दिनू।

३. प्रस्तुत आदेशको प्रतिलिपी सहित संलग्न राखी आवश्यक कार्यार्थ संघीय संसदका महासचिवलाई लेखी पठाई दिनू।

४. संविधानमा रहेको प्रावधान प्रतिकूल हुनेगरी पत्राचार गर्ने महासचिव उपर विभागीय कारवाही हुन सक्ने बिषय भएपनि निज महासचिव मनोहर प्रसाद भट्टराई अहिले सेवा निबृत्त भैसकेको देखिँदा थप केही गरिरहन परेन।

५. प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, निवेदन दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(ईश्वर प्रसाद खतिवडा)
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं:

(अनिल कुमार सिन्हा)
न्यायाधीश

(विश्वम्भरप्रसाद श्रेष्ठ)
न्यायाधीश

(हरिकृष्ण कार्की)
का.मु.प्रधान न्यायाधी

<u>माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईको सहमतीय राय:</u>

सहकर्मी माननीय न्यायाधीशहरुको राय रुचीपूर्वक हेरें। त्यसमा उल्लिखित सम्पूर्ण कुराहरुमा मेरो सहमति छ। मिहिनेतपूर्वक राय तयार गर्नु भएकोमा मेरा सहकर्मीहरुलाई धन्यवाद दिन पनि चाहन्छु।

तत्कालीन प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर अत्यन्त अविश्वसनीय किसिमले, संवैधानिक र कानूनी त्रुटिहरु छताछुल्ल पार्दै जे जसरी महाभियोगको प्रस्ताव ल्याइयो र तिलस्मी रुपमा सो फिर्ता पनि गरियो, यसबाट हाम्रो संवैधानिक व्यवस्था वा हाम्रो सोचमा कहींकतै त्रुटि छ र यसलाई सच्याउन जरुरी छ भन्ने मलाई लाग्दछ। एक हिसाबले भन्दा यो सिद्दिइसकेको विवाद हो, तर यसले विधिको शासन, लोकतन्त्र र स्वतन्त्र न्यायपालिका पक्षधरहरुको मनमा जुन चोट पुऱ्यायो

त्यसको पूर्ति कसरी गर्ने, यसबाट के पाठ सिक्ने र भविष्यमा यस्ता दुर्घटनाहरु दोहोरिदैनन् भन्ने सुनिश्चित गर्दै हाम्रो संवैधानिक यात्रालाई कसरी अघि बढाउने भन्ने प्रश्नहरु हाम्रो सामुन्ने छन्। त्यसैले सहकर्मीहरुको रायमा व्यक्त नभएका केही कुराहरुतर्फ मेरो ध्यान गएको छ। म यहाँ संवैधानिकरुपले चर्चा गर्न वाञ्छनीय थप केही कुराहरु राख्न चाहन्छु।

प्रस्तुत विवादवारे चर्चा गर्न बस्दा सबैभन्दा पहिले हामीले हाम्रो संवैधानिक यात्रा, न्यायपालिकाले खेलेको र संविधानद्वारा अपेक्षित सरोकारवालाहरुको भूमिका तर्फ एक दृष्टि दिनु आवश्यक छ भन्ने मलाई लाग्दछ। यो प्रष्ट छ कि आज हामीलाई प्राप्त संवैधानिक व्यवस्थाको जग खन्ने कार्य हाम्रा पुर्वजहरुले करिव करिव एक सताब्दीदेखि र २००७ सालको क्रान्तिलाई नै शुरुवात मान्दा पनि ७२ वर्ष पहिलेदेखि शुरु गरेका थिए। यो लामो संवैधानिक यात्रामा अवश्य पनि विघ्न वाधाहरु, घुम्ती मोडहरु, उकाली ओरालीहरु आए। तर गर्वका साथ भन्न सकिने कुरा के हो भने लोकतन्त्र, विधिको शासन र मानव अधिकार प्रतिको आम नेपाली जनताको आस्था र समर्पण सदा अविचलित रहिनै रह्यो; नेपाली जनता लोकतान्त्रिक संघर्षमा तन्मयकासाथ लागि नै रहे। एउटा विकासशील, आधुनिक शिक्षा प्रविधि आदिको दृष्टिले पछि रहेको एवं अधिकांश जनता जीवन निर्वाहको संघर्ष गरिरहेको मुलुकमा आम नागरिकको तहमा रहेको लोकतन्त्र प्रतिको अदम्य विश्वास र अविचलित समर्पण अवश्य पनि प्रेरणादायी छ। त्यसैले वर्तमान संवैधानिक व्यवस्था आजको हाम्रो उपलब्धि मात्र होइन पुर्खाले खनेको जगमा निर्माण गरिएको नेपाली मात्रको साझा पवित्रतम दस्तावेज हो। त्यस मानेमा यो पुर्खाको नासो र बिस्तीर्ण भविष्यको मार्गचित्र पनि हो भन्ने महसुस गर्दै संविधानका मूल्यहरुलाई राष्ट्रको व्यवहारिक जीवनमा उतार्न जरुरी छ।

आजको संवैधानिक प्राप्ति र संवैधानिक मुल्यहरुको जगेर्नामा अनेक क्षेत्रको योगदान छ; त्यसमा न्यायपालिकाको योगदान पनि कम छैन। लामो संवैधानिक यात्रामा न्यायपालिकाले पनि अन्य क्षेत्रले जस्तै कठिन दिनहरु अवश्य बेहोर्यो तर ऐतिहासिकरुपमा हेर्दा तत्काल आफूलाई प्राप्त संविधान र कानूनको सीमाले दिएसम्म न्यायालयले संविधानवाद, लोकतन्त्र, विधिको शासन र मानव अधिकारको पक्षमा उभिने कोसिस गर्‍यो। यो कुराको पुष्टि २००७ साल पछि विभिन्न कालखण्डमा भएका कैयौं ऐतिहासिक फैसलाहरुले गर्दछन्; कानून र न्याय क्षेत्रमा संलग्न समस्त विद्वतवर्गलाई यस विषयमा राम्रो जानकारी छ, त्यसैले यहाँ त्यसको विस्तृत चर्चा जरुरी छैन। यहाँ यति भन्नु पर्याप्त छ कि आज हामीलाई संवैधानिकरुपमा जे प्राप्त छ त्यसमा न्यायपालिकाको योगदान छैन भन्यो भने इतिहासको सहि र सन्तुलित मूल्याङ्कन हुँदैन।

नेपालको संवैधानिक विकासलाई नियाल्दा र विशेषतः विगत ३२ वर्षका उपलब्धिहरुलाई हेर्दा स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना अवश्य पनि एउटा उपलब्धि हो भन्ने देखिन्छ। तर प्राप्त उपलब्धिको रक्षामा हामी कति प्रखर रुपमा लागेका छौं, यो कुरामा भने प्रशस्त संशय छ। विगतलाई नियाल्दा पहिलो पटक स्पष्टरुपमा नेपाल अधिराज्यको संविधान २०४७ मार्फत **"स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने"** उद्घोष गरियो; न्यायिक पुनरावलोकनको अधिकार पनि पहिलो पटक स्पष्टरुपले सोही संविधानमा राखियो; अहिले पनि हामी **"स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका"** भनिरहेका छौं, र न्यायिक पुनरावलोकनको अधिकार सहित कार्यगत स्वायत्तता न्यायपालिकालाई प्रदान गरिएको छ भन्ने पनि गर्छौं। तर यसमा हामी कति प्रस्ट र विश्वस्त छौं? पछिल्लो समयमा न्यायपालिकालाई स्रोत साधन युक्त बनाउन, चुस्त दुरुस्त राख्न के कस्तो भूमिका खेलिरहेका छौं भन्ने कुरा चाहिँ गम्भीर समीक्षाको विषय बनेको छ। के कार्यपालिका वा व्यवस्थापिका स्वतन्त्र र सक्षम न्यायपालिकाको संस्थागत विकास र यसको अवधारणालाई सुदृढ बनाउने किसिमले लागिरहेका छन्? के संवैधानिक परिषद र न्याय परिषदको निर्णय प्रक्रियामा संवैधानिक अपेक्षा अनुरुप व्यवसायिकता मौजुद छ? कतै यी दुई निकाय "काम तामेली अड्डा" को रुपमा रुपान्तरित त भएका छैनन्? के सर्वोच्च अदालतका न्यायाधीशहरु र स्वयं प्रधान न्यायाधीशले नियुक्ति र संसदीय सुनुवाईसम्म भोग्नु परेको सास्ती संविधानतः अपेक्षित छ भन्ने प्रश्नहरुले गम्भीर समीक्षा खोज्दछन्। वरिष्ठतम न्यायाधीश हुँदाहुँदै र नेपालको न्यायिक इतिहासमा पहिलो महिला प्रधान न्यायाधीश हुने अवसर प्राप्त श्री सुशीला कार्की स्वयंले प्रधान न्यायाधीश हुन कति महिना कुर्नुपर्‍यो र के कस्ता चुनौतीको सामना गर्नुपर्‍यो वहाँद्वारा लिखित पुस्तकका केही पानाहरु पल्टाए पुग्छ होला[25]। के गर्दा वा को कसले आफ्नो संवैधानिक भूमिका सहि किसिमले निर्वाह गर्दा हाम्रो संवैधानिक यात्रा सहजरुपमा अघि बढ्छ? सम्बन्धित व्यक्तिहरुले के कस्तो भूमिका खेल्दा संवैधानिक निकायहरुले यथार्थमा लोकतन्त्रका पहरेदार संस्थाको रुपमा व्यावसायिक रुपले कार्यसम्पादन गर्न सक्छन? हाम्रो संवैधानिक यात्रालाई अघि बढाउने क्रममा यी र यस्तै असहज र अनपेक्षित प्रश्नहरुको जवाफ पनि हामीहरुले खोज्नु पर्ने भएको छ।

तत्कालीन प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर लगाइएको महाभियोगको प्रस्तावलाई सहकर्मी माननीय न्यायाधीशहरुको माथि उल्लिखित रायमा हुवहु राखिएको छ, त्यसको पुनःउल्लेख यहाँ

[25] हेर्नुहोस सुशीला कार्की, न्याय, वुक हिल पब्लिकेसन, २०७५, पृष्ठ १४३-१४९

जरुरी छैन। महाभियोग लगाउँदा वहाँ सहितको इजलासले निर्णय गरेको एउटा मुद्दाको कुरालाई बडो आत्मनिष्ठ किसिमले उठाइएको छ। प्रस्तावकर्ताहरुलाई वहाँले यसरी निर्णय गर्नुपर्ने थियो तर यसरी गर्नुभयो वा मन्त्री परिषदको कार्यकारिणी अधिकारलाई फुक्काफाल छोड्नु पर्ने थियो, त्यसलाई कानूनको अधीनमा ल्याउने कोसिस गरियो भन्ने लागेको हुन सक्छ; प्रस्ताव पढ्दा सम्भवतः यही भन्न खोजिएको होला भन्ने देखिन्छ। अन्यथा धारा ७५ ले मन्त्रिपरिषदको कार्यकारिणी अधिकारलाई संविधान र कानून अधीनस्थ बनाएकै छ; संवैधानिक र कानूनी व्यवस्थाहरुको राम्रो परख गरेको भए एउटा कर्मचारीको नियुक्तिको विषयमा निर्णय गर्दा प्रधान न्यायाधीशले महाभियोगको सामना गर्नुपर्ने परिस्थिति नबन्नुपर्ने हो।

यसो भनिरहँदा सहकर्मी माननीय न्यायाधीशहरुको रायमा उल्लेख गरेको *सर्वज्ञरत्नको मुद्दामा* तत्कालीन न्यायाधीश श्री विश्वनाथ उपाध्यायले व्यक्त गर्नुभएको धारणा तर्फ मेरो ध्यान गएको छ। स्वतन्त्र न्यायपालिकाको अवधारणालाई स्वीकार नगरिएको र न्यायिक पुनरावलोकनको अधिकार सर्वोच्च अदालतलाई प्रदान नगरिएको समयमा पनि वहाँले **"नेपालको संविधान अनुसार विधायिका निर्मित कानूनलाई सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन (Judicial Review) गर्न सक्छ... यथार्थमा कानून र संविधानको व्याख्या गर्ने अधिकार अदालतको हो भन्ने कुरा कानून वा संविधानका शब्दहरूमा व्यक्त गरिनु आवश्यक नै छैन। त्यो अदालतको अन्तर्निहित अधिकार हो"**[26] भन्नुभएको थियो। तत्कालीन समयमा यो अत्यन्त साहसिक अभिव्यक्ति थियो। हो, त्यस वापत श्री विश्वनाथ उपाध्यायले केही कठिनाइ त बेहोर्नुभयो तर न्यायाधीश पदबाट हातै धुनु त परेन। फैसला नै गरेकोमा सजाय पाउने भए २०४७ सालपछि *महाकाली सन्धि,*[27] *संसदको विघटन र पुनर्स्थापना,*[28] *शाही आयोगको गठन,*[29] *प्रधानमन्त्रीको चुनाव,*[30] *संविधानसभाको म्याद थप र विघटन* [31] जस्ता संवैधानिकरुपले अत्यन्त महत्वपूर्ण र राजनीतिकरुपले संवेदनशील मुद्दाहरुमा

[26] सर्वज्ञरत्न तुलाधर वि अध्यक्ष राष्ट्रिय पञ्चायत, नेकाप २०३५, निनं ११९७, पृष्ठ १६८
[27] बालकृष्ण न्यौपाने वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, नेकाप २०५४ निनं ६३१३, पृष्ठ ७७
[28] हरिप्रसाद नेपाल वि. प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला, नेकाप स्वर्ण जयन्ती विशेषाङ्क, २०५२ पृष्ठ ८८; रविराज भण्डारी वि. प्रधान मन्त्री मनमोहन अधिकारी ऐ.ऐ. पृष्ठ १
[29] राजिव पराजुली वि. भ्रष्टाचार नियन्त्रण विशेष अदालत समेत नेकाप २०६२ निनं ७६१८, पृष्ठ ९३७
[30] प्रभुकृष्ण कोइराला वि. संसद सचिवालय समेत, नेकाप २०६७ निनं ८४२०, पृष्ठ १२००
[31] बालकृष्ण न्यौपाने वि. राष्ट्रपतिको कार्यालय समेत नेकाप २०६८ निनं ८५८८, पृष्ठ ५४५; भरतमणी जंगम वि. राष्ट्रपतिको कार्यालय समेत नेकाप २०६८ निनं ८६६२, पृष्ठ १२५७

फैसलाहरु भएका छन्। ती कालखण्डमा फैसला गर्ने न्यायाधीशहरु उपर असहिष्णु व्यवहार त गरिएन, यो पनि हाम्रो सामुन्ने छ। तर लोकतान्त्रिक अभ्यास परिमार्जित हुँदै जाँदा राजनीतिक तहमा सहिष्णुता बढ्नुपर्नेमा किन पश्चगामी यात्रा शुरु गर्न खोजियो; वर्तमान संविधान निर्माण भएको दुई वर्ष नपुग्दै लोकतन्त्रको संस्थापनामा व्यक्तिगत तथा पारिवारिक तहमा समेत रगत पसिना बगाएको, कानूनी तथा न्यायिक क्षेत्रमा लामो योगदान दिएको र अवकाशको नजिक रहेको प्रधान न्यायाधीशलाई तह लगाउँछु भन्ने अहंकारी सोच किन पलायो, सहसा बुझ्न कठिन भैरहेको छ[32]।

सैद्धान्तिकरुपमा हेर्दा विवादित महाभियोगको प्रस्तावले न्यायिक पुनरावलोकनको अधिकारलाई कसरी बुझ्नु पर्ने हो र हामी कसरी बुझ्दा रहेछौं भन्ने कुरालाई समीक्षाको विषय बनाएको छ। न्यायिक पुनरावलोकनको अधिकार स्वतन्त्र न्यायपालिकाको अवधारणा भित्र कसरी समाहित छ भन्ने कुरा बुझ्न हामीले वर्तमान संविधानमा राखिएको न्यायपालिकाको संरचनालाई समष्टिमा र विशेष गरेर धारा १३३ का साथै धारा १२६, धारा १२८, धारा १३७, धारा १४४, धारा १५३ र धारा २८४ का व्यवस्थाहरुको सुक्ष्म अध्ययन र मनन गर्नु आवश्यक हुन्छ। तर न्यूनतमरुपमा सबैले बुझ्नुपर्ने कुरा के हो भने २०४७ साल पछि बनेका सबै संविधानमा यो अधिकार स्पष्टसँग न्यायपालिकालाई प्रदान गरिएको छ। वर्तमान संविधानले पनि सो अधिकार सर्वोच्च अदालतलाई प्रदान गरेको छ।

न्यायिक पुनरावलोकनको अधिकारले संविधानमा गरिने अवाञ्छित तोडमोड र यसले अंगिकार गरेका मूल्यमा दिइने दखललाई रोक्दै संविधानवादको अवधारणालाई जगेर्ना र विकास गर्छ। यही अधिकारले सर्वोच्च अदालतलाई संविधानको रक्षा र विकासमा अभिभावकीय र सृजनात्मक भूमिका खेल्न मद्दत गर्छ। जब संविधान, कानून र कार्यपालिकी वा विधायिकी निर्णयको पुनरावलोकनको अधिकार संविधानले नै सर्वोच्च अदालतलाई प्रदान गरेको छ भने त्यसको व्यावहारिक अभ्यास त अवश्य पनि गरिँदै जान्छ। यो अभ्यासको क्रममा अदालतले यदाकदा असहज र राजनीतिकरुपमा रंगिएका प्रश्नहरुको सामना पनि गर्नुपर्छ। जब संविधान नै कानूनीका साथै राजनीतिक दस्तावेज पनि हो भने संविधान अन्तर्गतका विवादहरुमा राजनीतिक पक्ष हुँदैन भनेर कल्पना गर्नु यथार्थपरक पनि हुँदैन होला। तथापि पेश भएको विषयवस्तुमा राजनीतिक पक्ष छ वा राजनीतिक प्रश्न सन्निहित

32 बिवादित प्रस्ताव २०७४।१।१७ गते पेश भयो, वहाँ २०७४।२।२४ गते उमेरको हदवाट सेवा निवृत्त हुनुभयो।

छ वा गरिएको निर्णयले त्यसले राजनीतिक वृत्तमा परोकम्प ल्याउँछ भनेर अदालत संविधान र कानून बमोजिम न्याय गर्नबाट पन्छिन मिल्दैन, यसो गरिनु न्यायिक धर्म भित्र पर्ने कुरा होइन[33]।

तुलनात्मक संवैधानिक विधिशास्त्रको अध्ययनले के पनि देखाउँछ भने संविधानको अन्तिम व्याख्या गर्ने अधिकारको प्रयोगसंगै सर्वोच्च अदालतको कार्यक्षेत्रको दायरा बढेर गएको छ। उदाहरणको लागि, सन् १९६० को दशकमा राजनीतिक प्रश्न भनेर अदालतले जे कुरा हेर्दैनथ्यो, पछिल्ला दशकहरुमा ती कुराहरुमा पनि प्रवेश गर्ने वाध्यता अदालतहरुलाई पर्न थालेको छ। शायद संविधानवादको सुदृढीकरणको लागि यो अपरिहार्य पनि छ। हाम्रै सन्दर्भमा हेर्दा पनि संसदीय स्वायत्तता र विशेषाधिकरको विषय भन्ने जिकिर लिइएको प्रधानमन्त्रीको निर्वाचनको विषय होस वा संविधान सभाको म्याद बढाउने विषय नै किन नहोस्, हामीहरुले व्यवस्थापिकाका कार्यहरुको पुनरावलोकन गरेका छौं। त्यसैले के कुरामा स्पष्ट हुन जरुरी छ भने, जब कुनै व्यक्तिको हक अधिकारको उल्लंघनको प्रश्न आउछ, कार्यपालिकी वा विधायिकी कार्य (executive or legislative action) र अकर्मण्यता (omission) दुवै न्यायिक राडार भित्र पर्छन्। यी दुवै कुराहरुको ससक्त पुनरावलोकन मार्फत नै संविधानवाद, विधिको शासन र मानव अधिकारको रक्षा हुन सक्छ; संवैधानिक विधिशास्त्र अर्थपूर्णरुपमा अघि बढ्न सक्छ। महाभियोगको अस्त्र चलाउनु अघि हाम्रो संवैधानिक संरचना, हामीहरुले गरिआएको अभ्यास, राजनीतिक प्रश्नको सैद्धान्तिक अवधारणामा आएको संकुचन र न्यायिक पुनरावलोकनको अधिकारको फैलिँदो दायराबारे एकछिन गम खाएको भए सायद एउटा कर्मचारीको नियुक्तिका सम्बन्धमा गरिएको निर्णयलाई लिएर यस्तो कदम चालिदैनथियो कि भन्ने लाग्छ। महाभियोगलाई संसदीय विशेषाधिकारसँग जोडेर हेरेकै अवस्थामा पनि यो सम्पूर्ण सदनको कारवाईमा सहभागी हुन पाउने सदस्यको अधिकार हो, व्यक्तिगत स्वार्थ साधनको लागि प्रयोग गर्न दिइने विशेष अख्तियारी होइन भन्ने बुझ्नु आवश्यक छ भन्ने मलाई लाग्दछ।

यहाँ महाभियोगको प्रश्न उठेको हुँदा सो बारे संविधानले गरेको त्रुटिपूर्ण व्यवस्था बारेमा पनि हाम्रो ध्यान जानु जरुरी छ। स्वतन्त्र न्यायपालिकाको एउटा महत्वपूर्ण पक्ष न्यायाधीशको पदीय सुरक्षा हो। अर्थात न्यायाधीशले असल व्यवहार गरेमा अर्थात् उ खराब पात्र (Bad actor) नबनेको स्थितिसम्म निज तोकिएको उमेरको हदसम्म पदमा रहन सक्छ भन्ने यसको मान्यता हो। दक्षिण

[33] हेर्नुहोस रविराज भण्डारी वि. प्रधानमन्त्री मनमोहन अधिकारी ने.का.प. स्वर्ण जयन्ती विशेषाङ्क, २०५२ पृष्ठ १.

एसियाका लोकतान्त्रिक मुलुकहरुमा कार्यक्षमताको अभाव र खराब आचरण मूलतः यी दुई अवस्थामा सर्वोच्च अदालतका न्यायाधीशहरुलाई पदबाट हटाउन सकिने व्यवस्था गरिएको पाइन्छ[34]। यी महाभियोगका सारभूत सर्त (Substantive conditions) हुन्। तर हाम्रो संविधान पढ्दा भने सारभूत सर्तको बारेमा नै स्पष्टता देखिँदैन। २०४७ सालको संविधानमा यसबारेमा केही स्पष्टता रहेको भएतापनि पछिल्ला संविधानमा सर्तहरु बारे एक किसिमको सैद्धान्तिक अन्यौलता फेला पर्छ[35]। सम्भवतः यही कारण पछिल्ला वर्षहरुमा संविधानमा सर्तहरु थपिदै लगिएको पनि होला। हाल सर्वोच्च अदालतका न्यायाधीशहरुको विरुद्द (क) संविधान र कानूनको गंभीर उल्लंघन गरेको, (ख) कार्यक्षमताको अभाव, (ग) खराब आचरण भएको, (घ) इमान्दारीपुर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको, (ङ) आचार संहिताको गम्भीर उल्लंघन गरको कारणले आफ्नो पदीय जिम्मेदारी पुरा गर्न नसकेको भन्ने आधारमा निज उपर कारवाई गर्न सकिन्छ[36]। महाभियोगको आवश्यकता, यसका सारभूत र कार्यविधिगत सर्तहरुको बारेमा स्पष्ट हुन सकेको भए वा यसबारेमा संविधानविदहरुसँग गम्भीर परामर्श गरेको भए बेफिक्री आधारहरु थपिदै लगिने थिएन कि? अड्कलकै विषय बनेको छ।

महाभियोगको विषयमा चर्चा गर्दा वर्तमान संविधानमा राखिएको तर अनावश्यक तथा कार्यविधिगत विसंगति (Procedural anomaly) सृजना गर्ने एउटा अर्को प्रावधान पनि फेला पर्छ। संविधानको धारा १०१ को उपधारा (२) बमोजिम प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले महाभियोगको प्रस्ताव पेश गर्न सक्ने कार्यविधिगत सर्त (Procedural condition) तोकिएको छ। तर उपधारा (५) मा "प्रतिनिधिसभाका कम्तिमा तीन जना सदस्यले" प्रमाणित गरी सो सम्बन्धी प्राप्त सूचना उपधारा (३) बमोजिम गठित महाभियोग

---

[34] हेर्नुहोस भारतीय संविधान धारा १२४( उच्चतम न्यायालयको हकमा) र धारा २१८ (उच्च अदालतको हकमा); पाकिस्तानको संविधान धारा २०९; वंगलादेशको संविधान धारा ९६। न्यायाधीश उपरको महाअभियोगको एतिहासिक पक्षवारे हेर्नुहोस John Feerick, Impeaching Federal Judges: A Study of the Constitutional Provisions, 39 FORDHAM L. REV. 5(1970) available at http://core.ac.uk/download/pdf/144230866.pdf

[35] हेर्नुहोस नेपाल अधिराज्यको संविधान, २०४७, धारा ८७(७)

[36] उच्च अदालतको न्यायाधीश र जिल्ला न्यायाधीश उपर त "वदनियतपुर्वक काम कारवाई गरेको भन्ने आधारमा समेत कारवाई गर्न सकिन्छ। हेर्नुहोस, नेपालको संविधान, धारा १४२(१) र धारा १४९(६)।

सिफारिस समितिमा पेश गर्न सक्ने र सो समितिले छानविन गरी महाभियोग सम्बन्धी कारवाहिकालागि प्रतिनिधिसभा समक्ष सिफारिस गरेमा उपधारा (२) बमोजिम महाभियोगको प्रस्ताव पेश हुन सक्ने व्यवस्था पनि गरिएको छ। यस्तो घुमाउरो बाटो किन र कसलाई हेरेर के प्रासिको लागि राखिएको हो स्पष्ट हुँदैन, तर यसले प्रश्नहरु भने जन्माउँछ। के उक्त व्यवस्थाको मतलब प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य नभएमा पनि महाभियोग सिफारिस समिति मार्फत उपधारा (५) को बाटोबाट महाभियोगको प्रस्ताव पेश हुन सक्छ भन्न खोजिएको हो? यद्यपि प्रतिनिधिसभा नियमावली २०७५ को नियम १६१ को उपनियम (७) र (८) को व्यवस्थाबाट प्रतिनिधिसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले समर्थन गरेमा मात्र महाभियोगको कारवाईको प्रकृया प्रारम्भ हुन सक्छ भनिएबाट महाभियोगको प्रस्ताव बन्न न्यूनतम संख्यामा प्रतिनिधिसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ हो भन्ने वुझ्न कठिन हुँदैन। साथै अब मैले समर्थन गरेको सहकर्मी न्यायाधीशहरुको रायमा ... **"संसद (प्रतिनिधिसभा) वाट महाभियोगको कारवाही प्रारम्भ गर्ने निर्णय गरी संविधानको धारा १०१ को उपधारा (३) बमोजिम गठन भएको महाभियोग सिफारिस समितिमा पठाउने निर्णय नगरेसम्म कानूनी रुपमा महाभियोगको कारवाही प्रारम्भ भएको मान्न मिल्दैन"** भन्ने उल्लेख भएकोबाट कार्यविधिगत सर्त (Procedural condition) को बारेमा स्पष्टता कायम गरिएको र यस विषयमा रहेको संशय धेरै हदसम्म हट्न गएको छ। तथापि जब प्रस्तावको लागि नै २५ प्रतिशत सदस्य चाहिन्छ भने तीन जनाले दिएको उजुरीको आधारमा महाभियोग सिफारिस समिति परिचालित हुने कुरा नै जालझेलपूर्ण भएन र? यस्तो व्यवस्था किन र कसलाई हेरेर राखिएको हो बुझ्न कठिन छ।

विवादित महाभियोगको प्रस्तावबारे फर्की हेर्दा प्रधान न्यायाधीश श्री सुशीला कार्की उपर न्यायाधीश बीच गुटबन्दी गरेको, अनुचित हस्तक्षेप र दबाब दिएको भन्ने जस्ता खुद्रा आरोप पनि लगाइएको देखिन्छ। तर यी आरोपहरु कुन तथ्य र सूचनाका आधारमा लगाइएको हो भन्ने खुल्दैन। सर्वभौम जनताका प्रतिनिधिहरुले यति सतही र पूर्वाग्रही हुन सायद मिल्दैन होला। यस्ता आरोपहरुले महाभियोगको लागि तोकिएका सर्तहरुसंग कुनै तादात्म्यता राख्ने वा त्यसको लागि आवश्यक थ्रेसहोल्ड पार गर्न सक्ने पनि देखिदैन। प्रस्ताव हेर्दा धारा १०१ को उपधारा (२) मा उल्लिखित आधारहरु सरसर्ती राखेर मात्र प्रस्ताव तयार गरिएको देखिन्छ। तर प्रत्येक आरोपले कुन शीर्षकलाई समर्थन गर्छन भन्ने वस्तुनिष्ठ सूचना सहित प्रस्ताव तयार नगरेसम्म यसले महाभियोग

सम्बन्धी प्रस्तावको कलेवरसम्म पनि प्राप्त गर्न सक्दैन। आश्चर्य त के भने आरोप लगाएपछि आरोपमा अडिनु पर्ने पनि जनताका प्रतिनिधिहरुको नैतिक कर्तव्य हुन्थ्यो होला। तर सो केही नगरी प्रस्ताव फिर्ता लिइएबाट समस्त कार्यको लोकतान्त्रिक वैधतामा नै प्रश्न उठ्न पुगेको छ। अर्को पनि आश्चर्य मान्नु पर्ने कुरा के छ भने महाभियोग प्रस्ताव फिर्ता गर्दा तथ्यको जोडवल नभई "संवैधानिक अङ्गहरु बीचमा सौहार्दता, सकारात्मक सहयोग र समझदारी" लाई आवश्यक रहेको कुरा उठाइएको छ जसलाई मैले प्रारम्भमै तिलस्मी घटनाको रुपमा चित्रण गरेको छु। यसले आरोपहरु तथ्यमा आधारित थिएनन् भन्ने कुरालाई परोक्षरुपमा स्वीकारिएको देखिन्छ। महाभियोग जस्तो संगीन आरोप यति खेलाची रुपमा लगाइनु विधायिका जस्तो संवैधानिक निकायको प्रतिष्ठा अनुकुल हुन सक्दैन। संविधानले राज्यका तीन निकायहरु बीच अवश्य पनि सौहार्दता, सकारात्मक सहयोग र समझदारी खोज्दछ, तर यी कुराहरु संविधानले सुम्पेको जिम्मेदारी निर्वाहमा सम्झौता गरेर प्राप्त गर्न खोज्नु संविधानप्रति जालसाजी गरेको हुन जान्छ, जुन कतै अपेक्षित छैन। न्यायिक निष्ठामा टिकेको र संविधानको मूल्य मान्यता बुझेको र न्यायिक कर्तव्यको पालनामा दत्तचित्त न्यायिक नेतृत्वले मात्र संविधानलाई सहि दिशा दिन सक्छ, जसमा लोलोपोतो होइन निर्भीकता जरुरी हुन्छ।

संवैधानिक र कानूनी त्रुटिहरु छताछुल्ल पार्दै महाभियोगको प्रस्ताव पेश गरियो भनिनुमा अन्य केही सैद्धान्तिक आधारहरु पनि छन्। संविधानको धारा १०१ को उपधारा (१) मा राष्ट्रपति र उपराष्ट्रपति उपर संविधान र कानूनको गम्भीर उल्लंघन गरेको एक मात्र आधारमा महाभियोग लाग्न सक्ने व्यवस्था गरेको छ भने सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश लगायत अन्य संवैधानिक पदाधिकारीहरु उपर महाभियोग लाग्ने आधारहरुको सुचि नै दिइएको छ। हो, राजनीतिक व्यक्ति र गैरराजनीतिक व्यक्तिलाई पदबाट हटाउने आधारहरु फरक हुन सक्छन; अन्य मुलुकहरुमा पनि त्यसो गरिएका दृष्टान्तहरु फेला पर्छन। तर धारा १०१ को उपधारा (२) मा उल्लेखित पदाधिकारी मध्ये नै पनि सबैको क्षेत्राधिकार एउटै प्रकृतिको छैन। उदाहरणको लागि, प्रधान न्यायाधीश र न्यायाधीश बाहेकका पदाधिकारीहरुले न्यायिक कार्य गर्दैनन्। यस मानेमा उनीहरुको कार्यको प्रकृति र न्यायाधीशहरुले गर्ने कार्यको प्रकृति नितान्तरुपमा फरक रहन्छ। न्यायाधीशले गर्ने कार्यमा पक्ष विपक्ष हुने कुरा अनिवार्य जस्तै हुन्छ, जबकी अन्य पदाधिकारीमा पक्ष विपक्षको स्थिति नरहन सक्छ। त्यसैले यी विभिन्न पदाधिकारीहरुको लागि महाभियोगका मानकहरु फरक हुन सक्छन; जुन पदको लागि जे जस्तो मानक कायम गर्न जरुरी

हुन्छ सोही अनुरुप महाभियोग सम्बन्धी विधिशास्त्र विकसित गरिनु उपयुक्त हुन्छ।[37] लोकतन्त्र वयस्क नभैसकेका मुलुकहरुमा मुद्दामा हारजितको विषयलाई अघि सारेर कार्यपालिकाले यदाकदा विधायिका र न्यायपालिकालाई प्रभावमा राख्ने वा आफ्नो हैकम थोपर्न खोज्ने प्रवृति रहन्छ। हाम्रोमा पनि खल्तीको व्यक्तिलाई न्यायिक नेतृत्वमा पुर्‍याउने र उसैमार्फत न्यायपालिका व्यवस्थापन गर्न खोज्ने गरेको सुन्नमा नआउने होइन। तसर्थ मुद्दाको हारजितको विषयलाई उठाएर कतै न्यायपालिका कब्जा (Capture of the judiciary) को नीति त अख्तियार गर्न खोजिएको छैन वा कतै न्यायाधीशहरुलाई आफ्नो कर्तव्यपालनबाट निरुत्साहित पार्न त खोजिएको होइन भन्ने कुरालाई सतर्कतापूर्वक हेरिनु स्वस्थ संवैधानिक मूल्य मान्यताको विकास निम्ति जरुरी हुन्छ। यस्ता प्रवृत्तिहरुलाई रोक्न नियुक्तिमा व्यवसायिकता सुनिश्चित गरिनु र महाभियोगको थ्रेसहोल्ड उच्च राखिनु वाञ्छनीय हुन्छ। यसै कुरालाई लिएर अजिज हक, टम गिन्सवर्ग र डेभिड लान्डाउले भनेका छन: Allowing removal of judges on ... broad grounds may give the political branches too much power to retaliate against the judiciary. For this reason, it may make sense to tether judicial removal to a narrower set of grounds tied to serious criminality[38]। महाभियोगलाई दलगत राजनीतिक स्वार्थको चपेटामा चपेटामा नपारी खराब र असक्षमलाई हटाउने माध्यमको रुपमा राख्न सकियो भने मात्र संवैधानिक प्रावधानको पवित्रता कायम राख्न सकिने हुन्छ।

अन्त्यमा, हामी सबैले हेक्का राख्नुपर्ने कुरा वर्तमान संविधान शुन्यमा लेखिएको दस्तावेज होइन भन्ने मलाई लाग्दछ। प्रारम्भमै भने जस्तै, यसमा पुस्तौ पुस्ताको वुद्दिमत्ता, तर्क र विवेक संग्रहित छ[39]। नेपालको पहिलो संविधानदेखि वर्तमान सातौं संविधानसम्म आइपुग्दा संविधानलाई समस्त नेपालीको आस्था र भरोसाको मात्र नभै  सामाजिक न्याय, समावेशिता र रुपान्तरणको दस्तावेज बनाउने

[37] See CASS R. SUNSTEIN, IMPEACHMENT: A CITIZEN'S GUIDE (2017) at p 115

[38] Aziz Huq, Tom Ginsburg and David Landau, The Comparative Constitutional Law of Presidential Impeachment 88 UNIVERSITY OF CHICAGO LAW REVIEW 81, 154 (2021)

[39] According to Hegel, a constitution is '*the work of centuries, the consciousness of rationality so far as that consciousness is developed in a particular nation.*' See Mark Tushnet, The Possibilities of Comparative Constitutional Law, 108 YALE L.J. 1225, 1269 (April 1999) referring to Hegel.

अधिकतम प्रयास भएका छन्। त्यस मानेमा संविधान केवल शव्दहरुको भण्डार मात्र नभै विगत, वर्तमान र भविष्यको पुस्ताको बीच गरिएको सम्झौताको निसानी तथा एउटा पवित्रतम दस्तावेज (scripture) बन्न गएको छ[40]। यसको पवित्रता वर्करार राख्न र सामाजिक रुपान्तरण हासिल गर्न राज्यका निकायहरुले संविधानका आधारभूत मूल्य र मान्यतालाई आधार मानेर आ-आफ्नो भूमिका निर्वाह गरिनु आवश्यक हुन्छ। संविधानलाई थप जिवन्तता प्रदान गर्ने महत्वपूर्ण निकाय न्यायपालिका हो। यो उसको संवैधानिक कर्तव्य पनि हो। क्षणिक स्वार्थ पूर्ति नहुदासाथ कारवाईको अस्त्र चलाउने कुराले संविधानवाद, राज्यका निकायहरु बीच सह-अस्तित्व र कार्यगत समन्वय र सद्भावको आवश्यकतालाई बढावा दिन सक्दैन। संविधान त हामीहरुले बनाएको हो, हामीलाई बनाएको होइन भन्ने सोचले संवैधानिक सर्वोच्चताको अवधारणालाई खतरनाक मोड तर्फ धकेल्छ। तसर्थ कार्यपालिकी तथा व्यवास्थापिकीय निकायहरुबाट यी आधारभूत कुराहरुमा आगामी दिनमा दृष्टि पुऱ्याइने र न्यायपालिकाको स्वतन्त्रतालाई सम्मान गरिने छ भन्ने अपेक्षा राख्नु संविधानको विकासको लागि आवश्यक हुने देख्दछु। यी अभिव्यक्तिका साथ पुनः सहकर्मी माननीय न्यायाधीशहरुको रायमा मेरो पूर्ण समर्थन र सहमति जनाउँछु।

(आनन्दमोहन भट्टराई)
न्यायाधीश

इजलास अधिकृत : यदुराज शर्मा / अन्जनराज सापकोटा
कम्प्युटर अपरेटर : हर्कमाया राई

इति संवत् २०७९ साल मंसिर ७ गते रोज ४ शुभम् ............ ।

---

40 Prof. Michelman, uses the term "scripture" to refer to constitution. He states: A constitution ...is a *basic legal, scriptural* production. "Scripture" connotes the constitution as a publicly identified corpus of canonically worded prescriptive sentences, *See* Prof. Frank I Michelman, in CONSTITUTIONAL TRIUMPHS, CONSTITUTIONAL DISAPPOINTMENTS: A critical Assessment of the 1996 South African Constitution's local and international Influence, (Rosalind Dixon and Theunis Roux eds. CUP,2018)